# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २९, अंक ३५० काठमाडौं | २०८१ पुस ८ सोमबार | पौष कृष्णपक्ष, अष्टमी नेपाल संवत् ११४५ | HIMALAYA TIMES | Monday 23 December 2024 | पृष्ठ ८+२ | मूल्य रु ५।-


सूर्यदर्शन सहकारी ठगी प्रकरण

# आठ कम्पनीसहित ४४ प्रतिवादी, साढे एक अर्ब बढी बिगो दाबी





## रविविरूद्ध झण्डै ३१ करोड बिगो र १५ वर्षसम्म कैद माग दाबी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध झण्डै २८ करोड बिगो माग दाबी भएर मुद्दा दायर भएको छ। उहाँविरुद्ध फरक-फरक तीन कसुरमा २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ मुद्दा दायर भएको सहायक जिल्ला महान्यायाधिवक्ता शर्माले जानकारी दिनुभयो। लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा तीनवटा कसुरमा मुद्दा दर्ता भएको छ। लामिछानेविरुद्ध संगठित अपराध, सहकारी ठगी र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अदालतमा अभियोग पत्र दर्ता भएको हो। लामिछानेका हकमा सहकारी ठगीमा चारदेखि ६ वर्षसम्म कैद, संगठित अपराधमा थप ५० प्रतिशत सजाय र सम्पत्ति शुद्धीकरणमा दुईदेखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिवाना लगाउनुपर्ने राय प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। सरकारी वकिल कार्यालयले अदालतमा लगेको अभियोगपत्रमा रविविरुद्ध सहकारी ठगी मुद्दामा भने तीन करोड ३७ लाखको बिगो मागदाबी गरिएको छ। लामिछाने र श्रीमती निकिता पौडेलको सम्पत्ति छानविन गर्दा विभिन्न बैंक खातामा २८ करोड ९१ लाख ३६ हजार ९६७ रुपैयाँ ६१ पैसा जम्मा गरेको पाइएको छ। गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ पर्नुभएका उहाँ त्यसयता कास्की प्रहरीको हिरासतमा हुनुहुन्छ। उहाँलाई कास्कीबाट रुपन्देही, काठमाडौं, चितवन र पर्सासमेत लगेर बयान लिइएको थियो। पूर्व-गृहमन्त्रीसमेत रहनुभएका लामिछानेमाथि गोर्खा मिडियामा हुँदा सहकारीको रकम अपचलन गरेको अभियोग छ।

## निकिता पनि प्रतिवादी, पाँच जनाको सम्पत्ति जफत माग

सूर्यदर्शन सहकारीको रकम अपचलनसम्बन्धी मुद्दामा रास्वपा सभापति रवि लामिछाने पत्नी निकिता पौडेललाई पनि प्रतिवादी कायम गरिएको छ। पौडेललाई सम्पत्ति जफत गर्ने प्रयोजनको लागि प्रतिवादी बनाएर मुद्दा दायर गरिएको हो। सम्पत्ति जफत प्रयोजनको लागि उहाँसहित पाँच जनालाई प्रतिवादी कायम गरिएको हो। सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी बनाइएकामा छविलाल जोशीकी पत्नी पदमा बञ्जाडे र छोरा रोचक जोशी तथा जिबी राईनिकट मानिएकी लीला पछाई र उहाँकी आमा राधा पछाई छन्। उनीहरूलाई कसुरको सम्पत्ति पुगेको व्यक्तिको रूपमा त्यही सम्पत्ति जफतका लागि मात्र प्रतिवादी बनाइएको हो।

## छविलालविरूद्ध ७४ करोड बढी बिगो माग, दीपेश पनि प्रतिवादी

पूर्व-डिआइजी छविलाल जोशीविरुद्ध ७४ करोडभन्दा बढी बिगो माग दाबीसहित कास्की जिल्ला अदालतमा मुद्दा दायर भएको छ। सरकारी वकिलको कार्यालयले ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँ ५२ पैसा बिगो माग दाबीसहित मुद्दा दायर गरिएको सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले जानकारी दिनुभयो। जोशी गोर्खा मिडियाको सञ्चालक हुनुहुन्थ्यो।

» पृष्ठ २ मा क्रमशः

डिबी शर्मा/हिटा

काठमाडौं, ७ पुस

कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको मुद्दा दायर भएको छ। पूरक अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालयले कास्की आइतबार जिल्ला अदालतमा डेढ अर्ब बढी बिगो कायम गरेर मुद्दा दायर गरेको हो। मूल अभियोग पत्रमा १९ तथा पूरक अभियोजनमा उल्लेखित छविलाल जोशी, लीला पछाई, रवि लामिछानेसहित आठ कम्पनी र पाँच जनालाई सम्पत्ति जफत गर्नेगरी ४४ जनालाई प्रतिवादी बनाइएको छ। उनीहरूबाट असुलउपर गर्नेगरी एक अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ रुपैयाँ तीन पैसा बिगो कायम गरी मुद्दा दर्ता गरिएको सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार हिनामिना एवं अपचलन भएको बिगोमध्ये मूल अभियोग पत्रमा खुलाइएको १०३५ जना बचतकर्ताको जम्मा बिगो एक अर्ब ११ करोड ३४ लाख ४३ हजार ४५ रुपैयाँ छ। यस्तै, थप अभियोग दाबीमा उल्लिखित जम्मा १२१ जना खुलाइएका बचतकर्ताको हुने थप बिगो रकम तीन करोड ३३ लाख ९५ हजार तीन ३४९ रुपैयाँ छ। बचतकर्ताको कुल बिगो एक अर्ब १४ करोड ६८ लाख ३८ हजार लाख ३९४ कायम हुने अभियोग पत्रमा उल्लेख छ। जसअनुसार सहकारी ऐन, २०७४ को दफा १२४ को उपदफा (१) को देहाय (घ) बमोजिम पीडित जाहेरवालाहरूलाई दिलाई भराइ बाँकी बिगो सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा भराइदिन अभियोग पत्रमा माग गरिएको छ। मुद्दा दायर भएकामध्ये आठजना हाल थुनामै छन् भने पाँच जनाविरुद्ध रकम फिर्ताका लागि प्रतिवादी बनाइएको छ। प्रतिवादी बनाइएकामध्ये २३ जना फरार छन्।

## रविको सांसद पद स्वतः निलम्बन हुने

रास्वपा सभापति रवि लामिछानेको सांसद पद निलम्बनमा पर्ने भएको छ। सम्पत्ति शुद्धीकरण ऐनअनुसार रवि लामिछानेको सांसद पद स्वतः निलम्बन हुने भएको हो। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित)को दफा (२७) बमोजिम रविको सांसद स्वतः निलम्बन हुने भएको हो। 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिनेछ,' ऐनमा भनिएको छ।

## यी हुन् प्रतिवादी

१. रवि लामिछाने
२. छविलाल जोशी
३. रामबहादुर खनाल
४. दीपेशकुमार पुन
५. नेत्रपाणि बास्तोला
६. देवेन्द्र बाबु राई
७. विज्ञान राई
८. लीला पछाई
९. विश्वविक्रम राई
१०. विशाल तामाङ
११. नवीन अछामी
१२. रविना रिमाल
१३. असरफ अली सिद्दिकी
१४. दीपक लामा
१५. अनन्त बाबु राई
१६. ओमप्रकाश गुरुङ
१७. वीरबहादुर रानाभाट
१८. दीपा न्यौपाने
१९. कल्पनाकुमारी श्रेष्ठ
२०. ज्ञानबहादुर बम्जन
२१. मीना गुरुङ
२२. सूर्यध्वज न्यौपाने
२३. आरती गुरुङ
२४. लीलाबहादुर गुरुङ
२५. पेशलकुमार राई
२६. कृष्णबहादुर गुरुङ
२७. देवकुमार नेपाली
२८. शकुन्तला गुरुङ
२९. मिश्रकुमारी गुरुङ
३०. रितु ताम्राकार
३१. लक्ष्मीप्रसाद पौडेल

## कम्पनी

१. गोर्खा मिडिया नेटवर्क प्रालि
२. नेचर हर्ब्स इन्टरनेसनल प्रालि
३. नेचर नेष्ट प्रालि
४. जिबी ग्रुप अफ कम्पनिज प्रालि
५. गोर्खा ग्रुप मल्टी इन्भेष्टमेण्ट प्रालि
६. मन्दरा स्पा एण्ड वेलनेस सेन्टर प्रालि
७. स्प्रिङउड रियल स्टेट एण्ड हाउजिङ प्रालि
८. नेपाल श्री मल्टी मिडिया प्रालि

## सम्पत्ति जफत प्रयोजनार्थ

१. पद्मा बञ्जाडे जोशी
२. रोचक जोशी
३. राधा पछाई
४. गीता पछाई
५. निकिता पौडेल




## जंगम र दाहाललाई पाँच दिन हिरासतमा राख्न अनुमति

साई स्वागत सहकारी ठगी प्रकरणमा पक्राउ पर्नुभएका भरत जंगम र लुमन दाहाल दुई जनालाई हिरासतमा राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले अनुमति दिएको छ। काठमाडौंबाट आइतबार पक्राउ परेका उनीहरूलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता नवराज अधिकारीले जानकारी दिनुभयो। शैली थापा समेतका व्यक्तिहरूले यो सहकारी ठगी प्रकरणमा जाहेरी दिएका थिए। त्यसपछि जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी जारी भएको थियो। आइतबार मात्रै काठमाडौंको बिजुलीबजारबाट तत्कालीन अध्यक्ष भरतमणि जंगम पक्राउ पर्नुभएको हो। उहाँ पक्राउ परेपछि तत्कालीन कोषाध्यक्ष लुमन दाहाल पनि पक्राउ पर्नुभएको थियो। उहाँहरूविरुद्ध सहकारी ठगी प्रकरणमा अनुसन्धान सुरु गरिएको छ। साई स्वागत सहकारीको निवर्तमान उपाध्यक्ष राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेकी पत्नी निकिता पौडेल हुनुहुन्छ।

# राजनीतिक मुद्दा फिर्ता लिनसक्ने प्रस्तावबाट पछि हट्यो सरकार

## माओवादीको आपत्ति





### विधेयक समितिका बैठक नबसे स्पष्टीकरण सोधौँ : सभामुख घिमिरे

- माओवादीले नोट अफ डिसेन्ट राख्ने
- लेखा समिति बैठक बस्दै
- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छिटो टुंग्याउन माग

अनिल क्षेत्री/हिटा

काठमाडौं, ७ पुस

शान्तिपूर्ण राजनीतिमा आएका राजनीतिक समूहका नेताविरुद्ध अदालतमा विचाराधीन मुद्दा फिर्ता लिनसक्ने प्रस्तावित कानुनी व्यवस्थाबाट सरकार पछि हटेको छ। सिके राउत नेतृत्वको जनमत पार्टी र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले सरकारसँग गरेको सम्झौताका आधारमा तत्कालीन कानुनमन्त्री धनराज गुरुङले केही नेपाल ऐन संशोधनमा सशस्त्र द्वन्द्व त्यागेर शान्तिपूर्ण राजनीतिमा आएका समूहका नेताविरुद्ध जुनसुकै अदालतमा विचाराधीन मुद्दा फिर्ता लिनसक्ने व्यवस्थासहित विधेयक तयार पार्नुभएको थियो। विधेयक हाल प्रतिनिधिसभा अन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिमा छलफलको क्रममा छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ संशोधन गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफा ६४ सरकारले फिर्ता लिएको छ।

प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको आइतबारको बैठकमा कानुनमन्त्री अजयकुमार चौरसियाले विधेयकको दफा ६४ फिर्ता लिएको जानकारी दिनुभएको हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ मा फिर्ता गर्न नमिल्ने मुद्दाहरूको सूची थियो। उक्त दफालाई संशोधन गरेर सरकारले राजनीतिक दलका नेता र कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै विचाराधीन मुद्दा फिर्ता लिन मिल्ने व्यवस्था गर्न लागिएको थियो। समिति बैठकमा कानुनमन्त्री

» पृष्ठ २ मा क्रमशः

# गोदावरी रंगशाला निर्माणका लागि जग्गा स्वीकृति



हिमालय टाइम्स

काठमाडौं, ७ पुस

सरकारले सवारीसाधन खरिद गर्न कर्जा प्रवाह गर्ने व्यवसायी र सामाजिक सुरक्षा कोषको लागि सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकायमा नेपाल राष्ट्र बैंकलाई तोकेको छ। पुस ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आइतबार सरकारले सवारीसाधन बिक्री गर्ने व्यवसायीको लागि यातायात व्यवस्था विभाग र इन्भेष्टमेन्ट कम्पनीको लागि नेपाल धितोपत्र बोर्डलाई सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकाय तोकेको बताउनुभएको हो।

उहाँका अनुसार सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको परिमार्जित कार्यविवरण स्वीकृत गरेको छ। त्यस्तै, सरकारले नेपाल प्रहरीमा जनपद समूहतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक पद संख्या दुईमा प्रहरी नायव महानिरीक्षक दुर्गा सिंह र प्रहरी नायव महानिरीक्षक भरतबहादुर बोहरालाई बढुवा गरी क्रमशः नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग र नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पदस्थापन गरेको छ।

यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको परिमार्जित कार्यविवरण स्वीकृत गर्ने, दैलेख-कालीकोट-जुम्ला १३२ केभी प्रसारण लाइनको टावर निर्माणका लागि दैलेख, कालीकोट र जुम्ला जिल्लामा करिब १२ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिने, खर्ज्याङ प्रहरी चौकी, गुल्मीलाई नेपाल सरकारको नाममा दर्ता रहेको सार्वजनिक प्रकृतिको पाँच रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको छ।

त्यस्तै, बैठकले एग्रिमेण्ट बिटुइन गभर्मेण्ट अफ

» पृष्ठ २ मा क्रमशः

# त्रिविका समस्या समाधानको प्रस्ताव ल्याउन प्रधानमन्त्रीको निर्देशन

हिमालय टाइम्स

काठमाडौं, ७ पुस

प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीले त्रिभुवन विश्वविद्यालय (त्रिवि)का समस्या समाधानको प्रस्ताव ल्याउन पदाधिकारीहरूलाई निर्देशन दिनुभएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतवार करिब तीन घण्टा भएको अनौपचारिक सिनेट बैठकमा प्रधानमन्त्री ओलीले समस्या समाधानको प्रस्ताव माग्नुभएको हो।



'प्रधानमन्त्री ओलीले सबै क्षेत्रका समस्या र मागलाई समेटेर सरोकार भएका पक्षसँग थप छलफल गरी समाधानका उपायसहित निर्णय गर्नुपर्ने विषयहरू प्रस्तावका रूपमा ल्याउन विश्वविद्यालयका पदाधिकारीलाई निर्देशन दिनुभयो,' प्रधानमन्त्रीको सचिवालयले जारी गरेको प्रेस नोटमा लेखिएको छ। गत २७ मंसिरमा कीर्तिपुरमा भएको त्रिवि सिनेट बैठकमा प्रस्तुत कार्यसूचीमा


» पृष्ठ २ मा क्रमशः

संविधान संशोधनको मुद्दा अलपत्र


# दलहरूले सहमति बनाएरै संशोधनमा जानुपर्ने विज्ञको सुझाव



**संशोधनको बहाना देखाएर राजनीतिक अभिष्ट पूरा गरिएको हो : अधिवक्ता अर्याल**



**राजनीतिक सहमतिका आधारमा संशोधनको जग तयार हुनुपर्छ : पूर्वप्रमुख आयुक्त उपाध्याय**



**संविधान संशोधनका लागि केही दिनभित्रै कांग्रेस-एमालेको संयन्त्र बन्छ : थापा**

यज्ञराज पाण्डे/हिटा

काठमाडौं, ७ पुस

पछिल्लो समय संविधान संशोधनको बहस जोडदार रूपमा उठे पनि दलहरूबीच सहमतिको खाका तयार भएको छैन। प्रमुख दुई राजनीतिक दल नेकपा एमाले र नेपाली कंग्रेसले सरकारको प्रमुख एजेण्डा नै संविधान संशोधनलाई बनाए पनि सरकार बनेको करिब पाँच महिना बित्दासमेत संविधान संशोधनको मार्ग तयार नभएको हो।



संविधान संशोधनको मत चौतर्फी उठे पनि संविधानलाई कसरी संशोधन गर्ने भन्ने स्पष्ट खाका अझै तयार नहुँदा संविधान संशोधनको एजेण्डा नै ओझेलमा परेको छ।

संविधान अभ्यासको नौ वर्ष पूरा भएको छ। तर, हालसम्मको अभ्यासका दौरानमा संविधानमा के खराबी छ र के कसरी तिनलाई संशोधन गर्नुपर्ने हो भन्ने बारे स्पष्ट मार्गदर्शन तयार गरिएको छैन। अहिलेको गठबन्धन सरकार

» पृष्ठ २ मा क्रमशः

हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी




# कालिकाले हासिल गरेका उपलब्धि शैक्षिक विकासको लागि बलियो स्रोत : मुख्यमन्त्री आचार्य



**चन्द्रकान्त खनाल/हिटा**

बुटवल, ७ पुस

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुटवल उपमहानगरपालिका-१० मा रहेको देशकै उत्कृष्ट कालिका मानवज्ञान माध्यमिक विद्यालयको ६४औँ वार्षिकोत्सव एवं अभिभावक दिवस उद्घाटन गर्नुभएको छ । विद्यालयले आइतबार आयोजना गरेको वार्षिकोत्सव तथा अभिभावक दिवस मूल समारोहको मुख्यमन्त्री आचार्यले उद्घाटन गर्नुभएको हो । सो अवसरमा मुख्यमन्त्री आचार्यले कालिका विद्यालयले हासिल गरेका शैक्षिक उपलब्धि प्रदेशका अन्य विद्यालयका लागि बलियो सिकाइ केन्द्रको रूपमा लिनुपर्ने बताउनुभयो ।

'यस विद्यालयले सबै क्षेत्रमा उत्कृष्टता हासिल गरेको छ । यसबाट अन्य विद्यालयहरूले सिक्न जरुरी छ', उहाँले विद्यालयको प्रशंसा गर्दै भन्नुभयो, 'विद्यालयले गर्ने हरेक क्रियाकलाप र भावी योजनामा प्रदेश सरकारको साथ सहयोग रहन्छ । यो विद्यालयले हासिल गरेका उपलब्धिले सिंगो लुम्बिनी प्रदेशको गौरव बढाएको छ ।'

विद्यालयलाई यस उचाइमा ल्याइपुऱ्याउन भूमिका खेल्ने सबै बधाईको पात्र रहेको चर्चा गर्दै मुख्यमन्त्री आचार्यले विद्यालयले यो उचाई सधैँ कायम राख्न निरन्तर भूमिका बढाइरहनु पर्ने बताउनुभयो । 'अथक प्रयत्न र पौरखले यो विद्यालयले उत्कृष्टताको उचाइ हासिल गरेको छ । यस प्रकारको उचाइले प्रदेशको गौरव बढाएको छ', उहाँले भन्नुभयो, 'प्रदेश सरकारले तपाईंहरूलाई सम्मान गर्न चाहन्छ ।'

बहुआयामिक क्षेत्रमा विद्यालयले हासिल गरेका उपलब्धिहरू शैक्षिक विकासको लागि बलियो स्रोत बन्नेमा मुख्यमन्त्री आचार्यले विश्वास व्यक्त गर्नुभयो ।' रिजल्टको हिसाबले भन्नुस् या अतिरिक्त क्रियाकलापको हिसाबले भन्नुस् यो विद्यालय देशमै नमुना छ । यहाँबाट उत्पादन भएका विद्यार्थीले जस्तोसुकै प्रतिस्पर्धामा पनि सफलता प्राप्त गरेका छन्' उहाँले भन्नुभयो, 'विद्यार्थी, शिक्षक, अभिभावक एवं सिंगो समुदायले गरेको मेहनतको प्रतिफल हो ।'

वि.सं. २०१७ सालमा स्थापना भएको विद्यालय देशकै नमुना विद्यालयको रूपमा स्थापित छ । विद्यालयले वार्षिकोत्सव तथा अभिभावक दिवस विभिन्न रचनात्मक कार्यक्रम गरेर मनाएको हो । मूल समारोह विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको थियो । सो अवसरमा मुख्यमन्त्री आचार्यले विद्यालयको मुखपत्र २०८१ को विमोचन गर्नुभयो । विद्यालयका प्रधानाध्यापक दिनेश थापाले वार्षिक प्रगति विवरण प्रस्तुत गर्नु भएको कार्यक्रमको सहजीकरण सुदर्शन रेग्मीले गर्नुभएको थियो ।

# भूकम्पबाट आठ घरमा क्षति





बाजुरा । बाजुराको जगन्नाथ गाउँपालिका गोत्री केन्द्रबिन्दु बनाएर शनिबार बिहान गएको पाँच दशमलव दुई रेक्टर भूकम्पबाट भएको प्रारम्भिक क्षतिको विवरण सार्वजनिक गरिएको छ । नौवटै स्थानीय तहमा खटिएर सुरक्षाकर्मीले संकलन गरेको तथ्यांकअनुसार आठ घर पूर्ण रूपमा र केहीमा आंशिक क्षति भएको विवरण सार्वजनिक गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाजुराले दिएको जानकारीअनुसार बूढीनन्दा नगरपालिका-२ मा स्थानीय कल्पना बुढाको दुई तले घर, वडा नं ४ मा स्थानीय जनक बोहरा, वडा नं ९ पाण्डुसैनमा पदम सार्कीको घरमा पूर्ण क्षति भएको छ । यस्तै, सोही नागरपालिका-३ मा स्थानीय धनी बोहरा, साइमल रोकाया, घनश्याम बुढा, तिने चदारा, मानसिंह थापा भोटेको घरमा आंशिक क्षति भएको छ । सोही ठाउँको कैलाश अतिथिगृहको भवनमा पनि क्षति भएको छ । जिल्ला प्रहरी कार्यालयाका सूचना अधिकारी जनकबहादुर बोहराले भूकम्पले स्वामीकार्तिक खापर गाउँपालिका-१ का स्थानीय दशरथ विक, आनन्द विक, चम्फे विक र मन विकको घरमा पनि क्षति भएको बताउनुभयो । भूकम्पको केन्द्रबिन्दु रहेको गोत्रीमा १२३ परिवार जोखिममा रहेको वडा कार्यालयले जनाएको छ । सोही विवरणबारे वडा नं ५ कार्यालयबाट जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस प्राप्त भएको निमित्त प्रमुख जिल्ला अधिकारी रूपक मण्डलले जानकारी दिनुभयो । वडा कार्यालयबाट आएको विवरण अन्य स्रोतबाट पनि यकीन गर्ने काम भइरहको उहाँले बताउनुभयो ।

यहाँका अन्य पालिकामा भएको क्षतिको विवरण स्थानीय प्रहरी चौकीमार्फत संकलन भइरहेको जनाइएको छ । प्रभावितहरूलाई चिसोबाट जोगाउन तत्काल राहत र उद्धारका कार्यमा स्थानीय सरकारले ध्यान दिनुपर्ने स्थानीयको माग छ । नागरिक समाजका अगुवा दीर्घराज पाध्यायले समस्यामा परेकाहरूलाई तत्काल अत्यावश्यक सहयोग सामग्री उपलब्ध गराउन आग्रह गर्नुभयो ।

## छविलालविरूद्ध ७४...

« पृष्ठ १ बाट क्रमशः

उहाँका अनुसार सूर्यदर्शन सहकारीको रकम अपचलन मुद्दामा पूर्व-उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपशेलाई पनि प्रतिवादी कायम गरिएको छ । पुनलाई फरार प्रतिवादी कायम गरेर अदालतमा मुद्दा दायर गरिएको शर्माले जानकारी दिनुभयो । यसैगरी, जिबीमाथि एक अर्ब ८६ करोड ७३ लाख १९ हजार ५०८ रुपैयाँ बिगो दाबी गरिएको छ । त्यस्तै, रामबहादुर खनालमाथि १४ करोड ३० लाख ९१ हजार ९११ रुपैयाँ बिगो दाबी गरिएको छ भने लीला पछाईमाथि २४ करोड ६७ लाख सात हजार ३४ रुपैयाँ बिगो दाबी गरिएको छ ।

## त्रिविका समस्या...

« पृष्ठ १ बाट क्रमशः

पदाधिकारी र सिनेट सदस्यबीचको दूरी बढेको महसुस भएपछि कुलपति ओलीले आइतबार छलफल गर्नुभएको हो । छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई, उपकुलपति प्राडा. केशरजंग बराल, शिक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले, विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी, पब्लिक क्याम्पसलगायत क्षेत्रका प्रतिनिधिहरू थिए । छलफलमा सहभागीहरूका कुरा सुनेपछि प्रधानमन्त्री ओलीले सिनेटरहरू सार्वजनिक खपतका लागि नभई समस्या समाधान र सुधारको मुख्य मुद्दामा केन्द्रित हुनुपर्ने बताउनुभयो । प्रधानमन्त्री ओलीले आफूलाई विश्वविद्यालयबाट व्यक्तिगत रूपमा लिनुदिनु केही नभएको स्पष्ट गर्दै त्रिविको विकास, रक्षा, प्रवर्द्धन र प्रगति नै साझा चिन्ता हुने भएकाले यसको मर्यादा, गरिमा र शाखलाई जोगाउनुपर्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले त्रिविको जनशक्ति, गरिएका काम र लक्ष्यहरूलाई वेबसाइटमार्फत सार्वजनिक गर्न पनि निर्देशन दिनुभयो । यसो भए संस्थामा पारदर्शिता कायम हुने प्रधानमन्त्रीको भनाइ थियो । 'त्रिविको शैक्षिक क्यालेण्डर पालना हुनुपर्छ । अनौपचारिक बैठक भए पनि यसलाई निर्देशन नै मान्दा हुन्छ । विश्वविद्यालयमा पारदर्शिता हुनुपर्छ । मेरिटोक्रेसी कायम हुनुपर्छ । उत्कृष्ट भएकालाई उत्कृष्ट नम्बर दिइनुपर्छ । फेल भएकालाई फेल गराइनुपर्छ,' प्रधानमन्त्री ओलीले भन्नुभयो, 'मेरो भनाइ साँच्चैको मेरिटोक्रेसी होस् भन्ने हो ।'

विश्वविद्यालयमा को नियुक्त हुन्छ ? भन्ने कुरामा आफ्नो रुचि नभएको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, 'विश्वविद्यालय सबल होस्, सक्षम जनशक्ति उत्पादन होऊन् भन्ने हो । नियुक्तिहरूमा मेरो कुनै हस्तक्षेप हुँदैन । निर्णय गर्ने पदाधिकारीले हो, त्यसकारण सफलता र असफलताको जस तपाईंहरूले लिनुपर्छ ।'

प्रधानमन्त्री ओलीले थप्नुभयो, 'कुलपतिका हैसियतले राम्रो गर्नुस् भन्ने मात्रै मेरो चासो हो । यसलाई पनि हस्तक्षेप मानिए त आश्चर्यबाहेक अरू के मान्न सकिन्छ र ?' उहाँले त्रिविको चल-अचल सम्पत्ति खोजविन समितिको प्रतिवेदन अध्ययन तथा कार्यान्वयनका लागि कार्यदल बनाउनुपर्ने र प्रतिवेदन पर्याप्त नभएकाले थप अध्ययन गर्नुपर्ने पनि बताउनुभयो ।

**आज वि.सं. २०८१ पौष ८ गते सोमबार, ई.स. २०२४ डिसेम्बर २३, तिथि- पौष कृष्णपक्ष अष्टमी, उत्तरफाल्गुनी- नक्षत्र, १०:२१ बजेपछि हस्त, सौभाग्य- योग, कौलव- करण, चन्द्रराशि- कन्या, सूर्योदय- ६:५३, सूर्यास्त- १७:१३ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

- मेष : भाइबहिनी वा सन्ततिका तर्फबाट दुखद् खबर प्राप्त हुनेछ ।
- वृष : घरायसी समस्याहरू देखा पर्न सक्छन् ।
- मिथुन : मनमा देखिएका निराशा र खिन्नताको समाप्ति हुनेछ ।
- कर्कट : कुनै भौतिक सामान खरिद गर्नका लागि समय राम्रो छ ।
- सिंह : प्रतिफल प्राप्त नहुने क्षेत्रमा निरर्थक लगानी हुने भय छ ।
- कन्या : मेवा-मिष्टान्न आदि खाने वातावरण मिल्नेछ ।
- तुला : एक्लोपना र निराशाले सताउनाले मन एकतमासको बन्न सक्छ ।
- वृश्चिक : कार्यबोझले शारीरिक थकान बढ्नेछ ।
- धनु : नयाँ व्यापार वा व्यवसायतर्फ मन आकर्षित हुनेछ ।
- मकर : खर्च बढे पनि घरायसी सुखसुविधाका सामाग्रीको जोहो हुनेछ ।
- कुम्भ : आफ्ना कामबाट पछुताउनुपर्ने अवस्था आउनेछ ।
- मीन : प्राज्ञिक र बौद्धिक क्षमता बढाउनु राम्रो हुन्छ ।

## दलहरूले सहमति...

« पृष्ठ १ बाट क्रमशः

बनाउँदा संविधान संशोधनलाई एजेण्डा बनाइए पनि यो विषयमा दलहरूले नै गृहकार्य नगरेपछि राजनीतिक स्वार्थपूर्तिका लागि मात्रै उक्त एजेण्डा उठाइएको हो कि भन्ने शंका जनमानसमा उठेको हो ।

### संशोधनको बहाना देखाएर राजनीतिक अभिष्ट पूरा गरिएको हो : अधिवक्ता अर्याल

अधिवक्ता ओमप्रकाश अर्याल संशोधनको बहाना देखाएर राजनीतिक दलहरूले अभिष्ट पूरा गरेको तर्क गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'संसारको उत्कृष्ट संविधान ल्यायौं भनेर आफैं भन्ने, आफैंले अभ्यास पनि गर्ने र यति चाँडै संशोधन गर्छौं भन्नु संविधान माथिको राजनीति हो । यसले संविधानको सर्वोच्चतालाई चुनौती दिइरहेको छ । यसले विधिको शासन स्थापित गर्न दिँदैन । पात्रमा रहेको खराबीलाई मनन नगर्ने तर संविधानमा दोष छ भनेर पन्छिनुले विषयान्तर गर्न खोजेको मात्रै बुझिन्छ ।' संविधानको उचित पालन गर्नुभन्दा दलहरूले संविधानलाई सत्ता खेलको आधार बनाइएको अधिवक्ता अर्यालको टिप्पणी छ । उहाँ भन्नुहुन्छ, 'दुई ठूला दललाई मिलेर सत्तामा जानु थियो अनि संविधान संशोधनलाई आधार बनाइयो, जुन संविधान माथिको राजनीति हो, बेइमानी हो । संविधान संशोधननलाई एउटा टुल्सका रूपमा प्रयोग गरेर सत्तामा जाने र संविधानमाथि हाबी हुने एउटा दुष्चक्र मात्र हो यो । संविधान आएपछि यस्ता प्रवृत्तिको अन्त्य होला भनेको झनै निरन्तरता पायो, जुन दु:खलाग्दो कुरा छ ।'

### राजनीतिक सहमतिका आधारमा संशोधनको जग तयार हुनुपर्छ : पूर्वप्रमुख आयुक्त उपाध्याय

संविधान संशोधनका लागि राजनीतिक सहमतिका आधारमा संशोधनको जग तयार गर्नुपर्ने अख्तियारका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको तर्क छ । उहाँले संविधान संशोधन गरेर जाने हो भने दलहरूका बीचमा राजनीतिक सहमति हुनुपर्ने तर्क गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'सहमतिका आधारमा एउटा 'संविधान संशोधन सुझाव आयोग' बनाउनुपर्छ । सबै क्षेत्रका विज्ञ, कानुनका विज्ञहरू र राजनीतिक तहका मानिसको सहभागितामा यो आयोग बन्नुपर्छ, जसले कानुनसहित राजनीतिक सहमतिको कुरालाई पनि संविधान संशोधन गर्दा अटाउन सक्छ । यो आयोगले सर्वप्रथम संविधानलाई प्रस्तावनादेखि अनुसूचीसम्मका विषयमा अध्ययन गर्नुपर्छ । अनि अन्तर्राष्ट्रिय व्यवस्था समेतलाई केलाएर यसको अभ्यासमा देखिएका कमजोरी सम्बोधन गर्नेगरी मस्यौदा बनाउनुपर्छ । मस्यौदालाई राजनीतिक तह, जनता र अन्य सरोकारवालासँग व्यापक र सार्वजनिक बहसमा लैजानुपर्छ ।' आधारभूत कुरामा राजनीतिक सहमति आवश्यक पर्ने उपाध्यायको तर्क छ । संशोधनअघि आधारभूत कुरामा राजनीतिक सहमति चाहिन्छ ? भन्ने प्रश्नमा उपाध्याय भन्नुहुन्छ, 'विद्यमान व्यवस्थामा के चाहिन्छ र के चाहिँदैन भन्ने कुरा पहिला राजनीतिक तहमै टुंग्याउनुपर्छ । किनकि देश अन्ततः चलाउने उनीहरूले नै हो ।'

### संविधान संशोधनका लागि केही दिनभित्रै कांग्रेस–एमालेको संयन्त्र बन्छ : थापा

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संविधान संशोधनका लागि केही दिनभित्र संयन्त्र बनाउने बताउनुभएको छ । सरकारमा सहभागी दुई ठूला राजनीतिक दलहरू नेपाली कांग्रेस र नेकपा एमालेले संविधान संशोधनका लागि केही दिनभित्र नै संयन्त्र बनाएर काम सुरु गर्ने उहाँको भनाइ छ । उहाँले संयन्त्र बनाउँदा सुझबुझपूर्ण बनाइने र सम्हालिएर संविधान संशोधन गर्ने बताउनुभएको हो । 'अहिले संविधान संशोधनको बहस प्रारम्भ भएको छ,' उहाँले भन्नुभयो, 'केही दिनभित्रमा नेपाली कांग्रेस र नेकपा एमालेले एउटा संयन्त्र बनाउँछ । यसलाई पनि सम्हाल्छौं । धेरै एड्भेन्चर गर्ने ठाउँ छैन । यसलाई सम्हालेर कांग्रेस र एमालेले अहिले आफ्नो बीचमा न्यूनतम संविधानमा चलाउनुपर्ने, चलाउनसक्ने विषयमा समझदारी कायम गर्छौं, त्यसपछि अरू राजनीतिक दलहरूसँग संवाद गर्छौं ।' एमाले र कांग्रेसले चाहेर मात्रै संविधान संशोधन नहुने भन्दै माओवादी, मधेशवादी राजनीतिक दलहरूसँगको समझदारीबाट संशोधन गर्ने उहाँको भनाइ छ । 'यो संविधान भनेको कांग्रेस र एमालेले चाहेर मात्रै संशोधन हुने कुरा होइन,' उहाँले भन्नुभयो, 'माओवादी, मधेशका अरू दलहरूसँग संवाद गर्छौं । दलहरूको बीचमा समझदारी बनाउँछौं । न्यूनतम कुराहरू संशोधन गर्छौं । संसद् समावेशी छ, अझै योभन्दा बढी समावेशी बनाउने हो । क्याबिनेट समावेशी छैन, समावेशी बनाउने हो । सँगै एउटा राजनीतिक दलले एउटा निर्वाचनमा जाँदै गर्दा एकदमै लोकप्रिय समर्थन गरेको बेलामा पनि अर्को एउटा सानो दलसँग टाँसिनैपर्ने जुन अहिलेको बाध्यता छ, त्यो बाध्यताबाट हाम्रो संविधानलाई बाहिर निकाल्नुपर्ने छ । एउटा अवधि एउटा राजनीतिक दलले सरकार चलाउन पाउने अवस्था बनाउनुपर्ने छ । यस्ता केही विषयहरू छन्, जुन कुरामा हामी संविधान संशोधन गर्ने कुरामा प्रवेश गर्दै छौं । छलफल गर्छौं तर सम्हालेर गर्छौं ।' महामन्त्री थापाले ०८४ को निर्वाचनमा जाँदै गर्दा ०८१/०८२/०८३ को जिम्मेवारीबाट भाग्न नहुने बताउनुभयो । उहाँले यो अवधिमा आफूले गरेका कामहरूको फेहरिस्त बोकेर जनतासँग जानसक्ने हैसियत बनाउनुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेस र नेकपा एमालेको अहिलेको सरकारलाई अवसरका रूपमा लिएर आगामी निर्वाचनमा कांग्रेसले आफूले गरेका कामहरूबाट जनतालाई प्रभावित बनाई निर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्ने जिकिर थापाले गर्नुभयो ।

## राजनीतिक मुद्दा...

« पृष्ठ १ बाट क्रमशः

चौरसियाले उक्त दफा फिर्ता लिनुको कारणबारे भन्नुभयो, 'मुलुकी फौजदारी कार्यविधि संहिता संशोधन गर्न यो विधेयकको दफा ६४ मा ल्याएको थियो त्यसलाई समितिबाटै फिर्ता लिने भनेकाले अहिले फिर्ता लिने निर्णय भएको त्यही हो । पहिलेको मन्त्रीले गर्नुभएको प्रतिबद्धताअनुसार नै यो निर्णय भएको हो । पहिलेको मन्त्रीले नै फिर्ता लिइसकेको कुरा फिर्ता लिइएको हो ।'

विधेयकमाथि जनताले पनि विरोध गरेको र संसद्मा पनि विरोध भएकाले उक्त दफा फिर्ता लिइएको स्पष्ट पार्दै मन्त्री चौरसियाले भन्नुभयो, 'बाहिर बस्ने नेपाली र यहाँकाले पनि विरोध भयो । मानव अधिकार उल्लंघनका गम्भीर घटनामा असर पार्छ भनेकाले यो फिर्ता लिनुपरेको हो । अरू थप के के गर्ने ? भन्नेबारे राजनीतिक दलहरूबीच सहमति भयो भने जति छोटो समयमा पनि फिर्ता गर्नुपर्छ ।'

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र सिके राउत नेतृत्वको जनमत पार्टी शान्तिपूर्ण राजनीतिमा आएपछि केही मुद्दा फिर्ता भइसकेको जानकारी दिनुभयो । सिके राउत र विप्लवसँग तत्कालीन सरकारले सहमति गरेकै आधारमा ल्याइएको र यसबीचमा सरकारले दुवै दलको फिर्ता लिन मिल्ने मुद्दा फिर्ता लिइसकेको स्पष्ट पार्दै सापकोटाले भन्नुभयो, 'जनमत पार्टी र विप्लवको पार्टीको फिर्ता लिन मिल्ने मुद्दा फिर्ता भइसकेको छ । अन्य मुद्दाका सम्बन्धमा गृहकार्य आवश्यक रहेको र त्यसमध्ये कतिपयको अदालतबाटै टुंगो लागिसकेको छ ।'

सरकार र सिके राउत नेतृत्वको जनमत पार्टीबीच २०७५ फागुन २४ गते ११ बुँदे सहमति भएको थियो । यसैगरी, २०७७ साल फागुन २० गते सरकार र विप्लव नेतृत्वको नेकपाबीच तीनबुँदे सहमति भएको थियो । यो सहमतिसँगै जनमतले मुलुकको अखण्डता स्वीकार गर्दै संसदीय राजनीतिमा आएको थियो भने विप्लव नेतृत्वको नेकपा हिंसात्मक गतिविधि त्यागेर शान्तिपूर्ण राजनीतिमा आएको थियो । ती सहमति पत्रहरूमा दुवै पार्टीका नेता-कार्यकर्तालाई लागेका मुद्दा सरकारले फिर्ता लिने उल्लेख छ । त्यसैले सरकारले केही नेपाल ऐन संशोधन विधेयकको दफा ६४ मा सशस्त्र द्वन्द्व वा भूमिगत रहेको राजनीतिक शक्ति शान्तिपूर्ण राजनीतिमा आए जुनसुकै अदालतको जुनसुकै तहमा रहेको मुद्दा फिर्ता लिनसक्ने व्यवस्था गरेको थियो ।

### माओवादीले नोट अफ डिसेन्ट राख्ने

विचाराधीन राजनीतिक मुद्दा फिर्ता लिनसक्ने व्यवस्था हटाउने सरकारको निर्णयप्रति प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले आपत्ति जनाएको छ । आइतबारको बैठकमा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले २०७७ सालमा नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँगको तीनबुँदे सहमतिका आधारमा दफा ६४ आएको बताउनुभयो । तर, अहिले सरकार पछाडि हट्छ भने र त्यसमा संसदीय समिति तयार हुन्छ भने आफूहरूको 'नोट अफ डिसेन्ट' रहने उहाँको भनाइ छ । माओवादी केन्द्रका अर्का सांसद रामकुमार राईले पनि घर्तीको भनाइमा समर्थन जनाउँदै भन्नुभयो, 'राजनीतिक आन्दोलन र राजनीतिक सहमति भएको छ भने त्यसमा सहमति गर्ने सरकार जिम्मेवार नै रहन्छ । फेरि विगतमा सहमति गर्नेकै अहिले पनि सरकार छ । यदि सरकारले फिर्ता लिने र समितिले सहमति जनाउँछ भने हाम्रो नोट अफ डिसेन्ट रहन्छ ।'

### विधेयक समितिका बैठक नबसे स्पष्टीकरण सोधौँ : सभामुख घिमिरे

सभामुख देवराज घिमिरेले संसदीय समितिका विधेयक समितिमा कोरम नपुगेर बैठक नबस्दा बैठकमा नआउने सदस्यलाई स्पष्टीकरण सोध्ने वातावरण बनाउन आवश्यक रहेको बताउनुभएको छ । लामो समयसम्म विधेयक समितिको बैठक नबस्दा आउने समस्यालाई सबै सरोकारवाला पक्षले हल गर्नेतर्फ लाग्नुपर्ने आवश्यकता औँल्याउँदै सभामुख घिमिरेले भन्नुभयो, 'समितिका पदाधिकारी एवं सदस्यलाई कडाइकासाथ बोलाउनुस्, त्यसपछि पनि आउनुभएन भने स्पष्टीकरण सोध्नुस् भनेको छु । यो स्पष्टीकरण सोध्ने विषय पनि कार्यान्वयन भइरहेको छैन, सबै मिलेर के कसरी हुन्छ स्पष्टीकरण सोध्ने वातावरण मिलाउनुपर्छ । व्यवस्था अनुसारको बैठक बसाल्नेतर्फ सबैले प्रयत्न गरौँ, समस्या समाधान हुँदै जानेछ ।'

### लेखा समिति बैठक बस्दै

प्रतिनिधि सभाअन्तर्गत सार्वजनिक लेखा समितिको बैठक आज (सोमबार)का लागि बोलाइएको छ । समिति सचिवालयले दिएको जानकारीअनुसार आज दिउँसो १ बजे बस्नेगरी बैठक बोलाइएको हो । समितिको पछिल्लो बैठक भदौ ९ मा बसेको थियो । उक्त बैठकमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको विषयमा चर्काचर्की परेको थियो । समिति सभापति ऋषिकेश पोखरेल घिसिङलाई कारबाही गर्नुपर्ने पक्षमा उभिएको भन्दै सांसदहरूले विरोध गरेका थिए । त्यसयता बैठक बस्न सकेको थिएन । समितिका एक सदस्यका अनुसार लामो समय बैठक नबसेको भन्दै विरोध भएपछि सोमबारका लागि बैठक बोलाइएको हो ।

### केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छिटो टुंग्याउन माग

सांसदहरूले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई छिटोभन्दा छिटो टुंगोमा पुऱ्याउन आग्रह गरेका छन् । आइतबार सिंहदरबारमा बसेको प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा विधेयकको दफावार छलफलमा सहभागी हुँदै सांसदहरूले छिटो टुंगोमा पुऱ्याउन आग्रह गरेका हुन् । बैठकमा नेपाली कांग्रेसका सांसद जीवन परियारले विधेयक समितिमा आएको एक वर्ष हुन लागेको उल्लेख गर्दै ऐन पारित गर्न दिनरात मेहनत गर्नुपर्ने बताउनुभयो । सांसद सुहाङ नेम्वाङले समितिको औचित्यमाथि प्रश्न उठ्न थालेको उल्लेख गर्दै ऐन निर्माणका सवालमा समितिले अझै सक्रिय भएर काम गर्नुपर्ने धारणा राख्नुभयो । कानुन, न्याय तथा मानव अधिकार समिति सभापति विमला सुवेदीले ऐन निर्माणका क्रममा छलफलका लागि पटक-पटक बोलाउँदासमेत सम्बन्धित मन्त्रालयका प्रतिनिधि समितिमा उपस्थित नहुने भएका कारण ढिलाइ भइरहेको टिप्पणी गर्नुभयो । विभिन्न ७९ वटा कानुनलाई संशोधन गर्न केही नेपाल ऐनलाई संशोधन गर्न विधेयक ल्याइएको हो ।

## गोदावरी रंगशाला...

« पृष्ठ १ बाट क्रमशः

नेपाल एण्ड गभर्मेण्ट अफ इण्डिया फर रेगुलेसन अफ प्यासेन्जर ट्राफिक बिटुइन द टु कन्ट्रिजको अवधि २४ नोभेम्बर, २०२५ सम्मका लागि नवीकरण गर्ने र सम्झौताको प्रोटोकलको अवधि सम्झौताको अवधिसँग बराबर हुनेगरी नवीकरण गर्ने, तुम्लिङटार शीतलपाटी २२० केभी विद्युत् प्रशारण लाइन आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको खाँदबारी नगरपालिकामा रहेको राष्ट्रिय वनको २८.४८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र रहेका सुविधा प्राप्त बाटोको सूचीमा महाँकाल-मूलखर्क-ओखेनी गाउँ ९३.५ किमी थप गर्ने र सवारीसाधन र पैदल यात्रुको लागि बाटोको सूचीमा मूलखर्क-झुले-चिसापानी कायम गर्नेगरी नियमावलीको अनुसूची संशोधन गर्न स्वीकृति दिने स्वीकृति गरेको छ ।

यस्तै, भ्याकुरे जलविद्युत् आयोजना निर्माणको लागि दोलखा जिल्लाको कालीञ्चोक गाउँपालिकामा रहेको राष्ट्रिय वनको ०.९८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, गोदावरी बहुउद्देश्यीय रंगशाला निर्माण गर्नको लागि ललितपुर जिल्लामा रहेको राष्ट्रिय वनको ३.४५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, अरुण ३ जलविद्युत परियोजनाको ४०० केभी प्रशारण लाइन आयोजना निर्माणको लागि संखुवासभा जिल्लाको चिचिला गाउँपालिका र खाँदवारी नगरपालिका: उदयपुर जिल्लाको, सुनकोशी गाउँपालिका, तपली गाउँपालिका, उदयपुरगढी गाउँपालिका र कटारी नगरपालिका, सिरहा जिल्लाको कर्जन्हा नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा २१३.६७ हेक्टर जग्गा प्रयोग स्वीकृति दिने, कलैया उपमहानगरपालिका, बारालाई चार धुर, बूढानीलकण्ठ नगरपालिका, काठमाडौंलाई चार रोपनी १२ आना तीन पैसा, बारपाक सुलिकोट गाउँपालिका, गोरखालाई चार रोपनी पाँच आना दुई पैसा तीन दाम, पुनर्वास नगरपालिका, कञ्चनपुरलाई १५ कठ्ठा, एकडारा गाउँपालिका, महोत्तरीलाई ११ कठ्ठा ५ धुर जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

त्यस्तै, पोखरिया अस्पताल पर्सालाई ५० शैय्याको अस्पतालमा स्तरोन्नति गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने, कान्ति बाल अस्पताल विकास समितिको अध्यक्ष पदमा श्रीराम सुवेदी, कास्कीलाई मनोनयन गर्ने, साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१ बनाउन नेपाल धितोपत्र बोर्डलाई स्वीकृति दिने, नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक, २०८१ संघीय संसद्मा पेस गर्न स्वीकृति दिने, नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ संघीय संसद्मा पेस गर्न स्वीकृति दिने, चिकित्सा शिक्षा आयोगको छैटौँ वार्षिक प्रतिवेदन संघीय संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिसमक्ष पेस गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति दिने, धितोपत्र बजार सञ्चालनको लागि अनुमतिपत्र प्रदान गर्ने सम्बन्धमा गठित अध्ययन समितिको प्राप्त प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउने क्रममा सञ्चारकर्मीहरूले सोधेका प्रश्नको जवाफमा प्रवक्ता गुरुङले वर्तमान सरकार ढल्छ भन्नु काग कराएजस्तै भएको टिप्पणी गर्नुभयो । उहाँले वर्तमान सरकार आगामी निर्वाचनसम्म नै जाने उहाँले दाबी गर्नुभएको हो । उहाँले अहिलेको सरकार बनेको मन नपराउनेहरूले नै सरकार ढल्ने भ्रम फैल्याएको बताउनुभयो । उहाँले राष्ट्रिय संकट निवारणका दुई राजनीतिक दलबीच सहमति भएकाले सरकार ०८४ सम्मै टिक्ने दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो, 'सरकार बनेको दिनदेखि दुईवटा कुरा चलिरहेको हुन्छ, यो सरकार ढल्दैन र यो सरकार ढल्छ भन्ने । सबै पार्टीले छोडेर गए पनि दुई ठूला राजनीतिक दलहरू मिलेका छौं । त्यसैले यो सरकार ढल्दैन । किनभने १६७ सिट त हुन्छ । तेस्रो, चौथो पार्टीलाई गुहारिराख्न परेन । सांसदहरूको चाकडी गरिरहनु परेन, मन्त्री, पार्टीका नेताहरूलाई फकाइराख्नु परेन । राष्ट्रिय संकट निवारणका लागि हामी दुईवटा पार्टी भइरहनुपर्छ भन्ने ठानेसम्म यो सरकार ढल्दैन । काग त कराउँदै गर्छ, पिनास सुक्दै गर्छ, हात्ती लम्किँदै गर्छ, कुकुर भुक्दै गर्छ । यो यस्तै हो । सरकार गिर्छ, सरकार गिर्छ भनेको काग कराएजस्तै हो । यो सरकार चलिरहन्छ ।' मन्त्री गुरुङले अर्को निर्वाचनसम्मका लागि वर्तमान सरकार नै कायम रहने बताउनुभयो ।

CMYK

# रुवीभ्यालीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित आठविरुद्ध भ्रष्टाचार मुद्दा



**हिमालय टाइम्स**

काठमाडौं, ७ पुस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धादिङको रुवीभ्याली गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टंकबहादुर नेगीसहित आठजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीहरूले १० लाख ८९ हजार ९८९ रुपैयाँ भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियारले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

अख्तियारले मुद्दा दायर गरेका अरू व्यक्तिमा रुवीभ्याली गाउँपालिकाका तत्कालीन इञ्जिनियर सुदीप रेग्मी, लेखापाल बाबुलाल नेगी, असिस्टेन्ट सबइञ्जिनियर लालमान तामाङ, रुवीभ्याली-४ का तत्कालीन वडाध्यक्ष प्रशान्त तामाङ, पागोमादेखि स्कुलसम्म शाखा सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष अजयलाल तामाङ, सचिव सञ्जीव तामाङ र कोषाध्यक्ष सञ्चमाया तामाङ छन्।

रुवीभ्याली गाउँपालिकाअन्तर्गत पागोमादेखि स्कुलसम्म शाखा सडक निर्माण कार्यमा अनियमितता गरिएको भन्ने उजुरीपछि अख्तियारले अनुसन्धान थालेको थियो।

रुवीभ्याली गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित आठजनाले आर्थिक वर्ष २०७६/७७ मा पागोमादेखि स्कुलसम्म शाखा सडक निर्माण कार्य गर्दा १० लाख ८९ हजार ९८९ रुपैयाँ बढी भुक्तानी दिई तथा बुझी भ्रष्टाचार गरेको पाइएको अख्तियारले जनाएको छ। आइतबार दायर मुद्दामा जनही १० लाख ८९ हजार ९८९ रुपैयाँ बिगो दाबी गरिएको छ।

### बिपी कोइराला अस्पतालका कर्मचारीविरुद्ध मुद्दा दायर

शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र बनाएको आरोपमा बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल-भरतपुर, चितवनका जुनियर असिस्टेन्ट मनसुन नेपालविरुद्ध मुद्दा दायर भएको छ।

जुनियर असिस्टेन्ट पदमा बढुवा हुनका लागि नेपालले नक्कली प्रमाणपत्र पेश गरेको पाइएपछि आइतबार उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार उनले स्कूल तहको नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी बढुवा भएको उजुरी आयोगमा परेको थियो।

अनुसन्धानका क्रममा उनको एसएलसीको लब्धांक पत्र र परोपकार आदर्श माध्यमिक विद्यालय, काठमाडौंबाट जारी भएको चारित्रिक प्रमाणपत्र नक्कली भएको पुष्टि भएको थियो। आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम उनलाई कैद र जरिवाना सजायको मागदाबी गरेको छ।

# संस्कृत, पोखरा र कृषि पोखरा विश्वविद्यालयमा उपकुलपति नियुक्त

**काठमाडौं/हिटा।** प्रधानमन्त्री तथा कुलपति केपी शर्मा ओलीले नेपाल संस्कृत, कृषि तथा वन विज्ञान र पोखरा विश्वविद्यालयमा उपकुलपति नियुक्त गर्नुभएको छ। नेपाल संस्कृत विश्वविद्यालयमा प्राडा. धनेश्वर नेपाल, कृषि तथा वन विज्ञान विश्वविद्यालयमा प्राडा. शारदा थपलिया र पोखरा विश्वविद्यालयमा प्राडा. वेदराज केसीलाई उपकुलपतिमा नियुक्ति गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। छनौट सिफारिस समितिले नाम सिफारिस गरेपछि प्रधानमन्त्री ओलीले उपकुलपतिमा नियुक्ति गर्नुभएको हो। छनौट तथा सिफारिस समितिले प्रतिस्पर्धाको आधारमा उपकुलपति नियुक्त गर्ने भन्दै कार्यविधि जारी गरे पनि तजबिजको आधारमा दिने अंक बढी राखिएको भन्दै आलोचना हुँदै आएको छ। ज्योतिष विषयका प्राध्यापक डा. नेपाल यसअघि नेपाल संस्कृत विश्वविद्यालयका परीक्षा नियन्त्रक हुनुहुन्थ्यो। नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघको महासचिवसमेत रहिसक्नुभएका डा. नेपाल १३ प्रतिस्पर्धीलाई उछिन्दै उपकुलपति नियुक्त हुनुभएको हो।


Gandaki Province Government
Ministry of Physical Infrastructure Development and Transport Management
**Infrastructure Development Directorate**
**Urban Development and Building Office**
Kaski

## Invitation for Bid

**Date of Publication: 23rd December 2024 (2081/09/08)**

Urban Development and Building Office, Pokhara, Kaski Invites the **bids** under e-procurement system from eligible bidders for the projects mentioned below. All other information and Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** or may obtain from office. Interested bidders are requested to submit **bids** as per instruction within the mentioned period.

| SN | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs) | Estimated Amount (Nrs) (Including VAT) | Remark |
|---|---|---|---|---|---|---|
| 1 | Amor Sewa Nepal(Childcare home) Building Construction and Maintainanace,Fedikhola Rural Municipality,Synagja | UDBOKASKI/ SQ/W/14/2081/82 | 1,000.00 | 50,000.00 | 19,25,980.73 | Sealed Quotation |
| 2 | Construction and Finishing Works of Infrastructure Residential School for Intellectual Disability Children at Tribhuvan Shanti Namuna MA.VI.,Pokhara-30,Kaski | UDBOKASKI/ NCB/W/13/2081/82 | 3,000 | 350,000.00 | 14,499,044.66 | NCB |
| **Last Date of Bid Submission:** 7th January 2025 (For SN:1) & 23rd January 2025 (For SN: 2) | | | | | | |

अमरगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना,

प्रकाशित मिति : २०८१।०९।०८

देहायको निर्माण कार्यको लागि दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रपत्रदाताको कबोल अङ्क सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| 1. | AM/DDL/WORKS/ NCB/01-2081/82 | Construction Buspark Malam Road Construction, Amargadhi Municipality Ward No 01, Dadeldhura | Nagarjun Nirman Sewa Pvt. Ltd.- Patan 06 Baitadi | 1,96,74,370.90 (One Crore Ninty Six lakh Seventy Four Thousand Three Hundred Seventy Rupees & Ninty Paisa only) |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र**
कीर्तिपुर, काठमाडौं।

## आयुर्वेद औषधि खरिद सम्बन्धि दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति :२०८१/०९/०८**

यस राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रद्वारा संचालित अस्पताल फार्मेसीका लागि आ.व. २०८१।०८२ मा आवश्यक पर्ने आयुर्वेद औषधिहरु शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले इच्छुक आयुर्वेद औषधिहरुको कारोबार गर्ने इजाजत प्राप्त फर्म वा कम्पनीबाट रितपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। साथै विस्तृत जानकारी यसै केन्द्रको सूचना पाटीमा टास गरिएको व्यहोरा अनुरोध छ।

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौँ

## सेवा करार सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/०९/०८**

नेपाल सरकार र यस शंखरापुर नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम करार सेवामा जनशक्ति व्यवस्थापन गर्न तपसिल बमोजिमको पदको खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका बिबरण र राजस्व तिरेको रसिद सहित यस शंखरापुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समय भित्र स्वयं उपस्थित भई निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | आवश्यक न्यूनतम योग्यता | माग संख्या | आवेदन दस्तुर रु | उम्मेदवारको उमेर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०६-२०८१/०८२ | मेडिकल अधिकृत/ आठौं तह सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधी प्राप्त गरेको। | १ | १२००/- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | लप्सेफेदि स्वास्थ्य चौकीका लागि |
| २. | ०७-२०८१/०८२ | सहायक कम्प्युटर अपरेटर/ चौथो तह सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त। | ३ | ५००/- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | |
| ३. | ०८-२०८१/०८२ | अहेव/ चौथो तह सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व वा सि.एम.ए कोर्ष उत्तीर्ण। | १ | ५००/- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | वडा.नं. २, पटाप आधारभूत स्वास्थ्य केन्द्रको लागि |
| ४. | ०८-२०८१/०८२ | अ.न.मी/ चौथो तह सरह | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उत्तीर्ण। | १ | ५००/- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | |
| ५. | ०४-२०८१/०८२ | सामाजिक परिचालक(महिला) | मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यामिक तह(S.E.E) वा एस.एल.सी वा सो सरह उत्तीर्ण | १ | ५००/- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | सङ्घीय ससर्त (दोस्रो पटक प्रकाशित) (वडा नं. १ कार्यक्षेत्र) |

1. **दरखास्त दिने स्थान:** प्रशासन उपशाखा, शंखरापुर नगर कार्यपालिकाको कार्यालय, साँखु।
2. **दरखास्त दिने अन्तिम मिति:** २०८१/०९/२२, बेलुकी ३:०० बजे सम्म।
3. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित,( सहायक कम्प्युटर अपरेटरको हकमा प्रयोगात्मक समेत) र अन्तर्वार्ता। (परीक्षाको मिति, स्थान र समय सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ।)
4. **आवेदनसाथ संलग्न कागजातहरु:** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु।
   - क. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क तथा चारित्रिक प्रमाणपत्र
   - ख. नेपाली नागरिकताको प्रमाणपत्र
   - ग. अनुभवको प्रमाणपत्र
   - घ. २ प्रति पासपोर्ट फोटो
   - ङ. सम्बन्धित विषयको सम्बन्धित परिषदमा दर्ता/नविकरण प्रमाणपत्र।
5. कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण, पाठ्यक्रम र आवेदनको ढाँचा कार्यालयबाट वा वेबसाइट **www.shankharapurmun.gov.np** बाट उपलब्ध हुने।
6. सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको स्वयं घोषणा।
7. स्थानीय तहमा सम्बन्धित कार्यको अनुभव प्राप्त व्यक्ति तथा स्थानीय बासिन्दालाई विशेष प्राथमिकता दिइनेछ।

सदस्य सचिव
पदपूर्ति समिति

Dish Media Network Ltd.
Bhaisepati, Ward No-25, Lalitpur
DishHome

## NOTICE FOR THE ISSUANCE OF RIGHT SHARES

Dear Valued Shareholders,

Pursuant to the decisions of the 15th Annual General Meeting of Dish Media Network Limited, dated 8th of December 2024, the Notice is hereby given that the Company is issuing the right shares to all the existing shareholders in a proportion of 12.5%, that is one share for every eight number of shares (1:8 ratio) in the company.

Pursuant to the resolution, you are entitled to buy the shares as per above proportion at NPR 100 per share. If you intend to buy the units of shares to be issued by the company, please inform your intent to the company in writing.

Date: 23rd December, 2024

Company Secretary
Dish Media Network Limited

**नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड**
अनामनगर, काठमाडौं

## आठौं वार्षिक साधारणसभासम्बन्धी सूचना

**दोस्रोपटक सूचना प्रकाशित मिति : २०८१।०९।०८ गते सोमबार**

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८१।०९।०१ गते सोमबार बसेको १३७औं बैठकको निर्णयअनुसार कम्पनीको **आठौं वार्षिक साधारणसभा** देहायका विषयहरूमा छलफल गर्ने गरी देहायका मिति, स्थान र समयमा हुने भएकाले शेयरधनी महानुभावमा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा हुने मिति, समय र स्थान**

मिति : २०८१।०९।२८ गते आइतबार (तदअनुसार जनवरी १२, २०२५)
समय : **बेलुका ३:३० बजे**
स्थान : **नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको सभाहल, काठमाडौं।**

**साधारण सभामा छलफल हुने विषयहरू**

**साधारण प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. कम्पनीको अन्तिम लेखापरीक्षणको प्रतिवेदनसहित २०८१ आषाढ महिनाको वासलात र आ.व. २०८०।८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने।
३. आ.व. २०८१।८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
४. विविध।

**सञ्चालक समितिको आज्ञाले**
**निमित्त प्रमुख कार्यकारी अधिकृत**

## सम्पादकीय

# नेपाली क्रिकेटको उडान

नेपाल प्रिमियर लिग (एनपिएल) सुरु हुनुअघिसम्म विभिन्न टिकाटिप्पणी हुने गरेका थिए । यो कसरी अगाडि बढ्ला ? तर, प्रतियोगिता सम्पन्न हुँदासम्म यसले सबै प्रश्नको उत्तरमात्र दिएको छैन, विश्वकै ठूला 'फ्रेन्चाइज लिग'हरूमध्ये एक बन्न पुगेको छ । लिगको नेपालमा मात्र होइन विश्वभरबाटै खुलेरै प्रशंसा भइरहेको छ । यो सब नेपाली क्रिकेट समर्थकले देखाएको मायाको परिणाम हो ।

आठ फ्रेन्चाइज टोलीको सहभागिता रहेको पहिलो सिजनको प्रतियोगितामा शनिबार नेपालले विजेता पाएको छ । रोमाञ्चक खेलमा सुदूरपश्चिम रोयल्सलाई हराउँदै जनकपुर बोल्ट्स विजयी बन्यो । तर, टियू ग्राउण्ड र बाहिर बसेर हेर्ने दर्शक हेर्दा त्यो जित नेपालको जस्तै देखियो । नेपाली दर्शकले क्रिकेटप्रति देखाएको यो माया सायदै अरू देशमा हुने स्वयं विदेशबाट नेपालमा खेल्न आएका खेलाडीले नै बताएका थिए ।

हालसम्मकै ठूलो पुरस्कार राशि र विदेशी खेलाडीको आगमनले एनपिएललाई राष्ट्रियमात्रै होइन अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन सफल रह्यो । पहिलो संस्करणको एनपिएलको भव्य समापनसँगै नेपाली क्रिकेटले नयाँ आयाम पाएको छ । यसले नेपाली खेलकुद र क्रिकेटमा नयाँ युगको सुरुवात गरेको छ । एनपिएलमा सहभागी आठ टोली नेपालका विभिन्न प्रदेशको प्रतिनिधित्व गर्दै बनाइएका थिए, जसले नेपालको प्रत्येक क्षेत्रलाई समेट्ने प्रयास गरेको थियो । बागमतीका दुई टोलीबाहेक हरेक प्रदेशका एक–एक टिम थिए । जसले सम्पूर्ण नेपाललाई एकजुट गर्ने काम गऱ्यो ।

प्रचारको सन्दर्भमा एनपिएल एकदमै सफल सावित भयो । विश्व प्रसिद्ध स्टार स्पोर्ट्स च्यानलमा प्रतियोगिताको प्रत्यक्ष प्रशारण हुनु नेपालको लागि सबैभन्दा सुनौलो अवसर बन्यो । नेपालले वर्षौंदेखि विश्वसामु पुऱ्याउन खोजेको सन्देश मज्जाले प्रशारण गऱ्यो । जसले नेपाली खेलकुदको मात्र नभई नेपाललाई बुझ्ने अवसर पनि प्रदान गऱ्यो । प्रत्यक्ष प्रसारणमार्फत् विश्वका क्रिकेटप्रेमीहरूले सुन्दर हिमशृंखला, रमणीय प्राकृतिक एवं सांस्कृतिक स्थलहरूको दृश्यावलोकन गर्दै क्रिकेट खेल हेर्ने अवसर पाए । नेपालमा पहिलोपटक आयोजना गरिएको एनपिएल क्रिकेट हेर्न पहिलो दिनदेखि नै क्रिकेट 'क्रेज' देखेर विश्वका क्रिकेटप्रेमीहरू चकित परे ।

अर्कोतर्फ नेपालीले विदेशी खेलाडीलाई देखाएको आत्मियता सम्झन लायक देखियो । नेपालीले जति नेपाली खेलाडीलाई माया गरे उत्तिनै विदेशी खेलाडीलाई पनि माया देखाए । यो आत्मियता भविष्यमा समेत विश्व जगतले सम्झनेछ ।

एनपिएलको अर्को सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको नयाँ खेलाडीको उदय हो । तीन साता चलेको प्रतियोगितामा केही नयाँ खेलाडीको उदय भएको छ । कर्णाली याक्सबाट खेलेका विपिन शर्मा प्रतियोगिताकै उदयीमान खेलाडी बने । उनीमात्रै होइन प्रतियोगिताले घरेलु मैदानबाट आधा दर्जन बढी नयाँ नेपाली खेलाडीको उदय भएको छ । जसले भविष्यमा नेपाली क्रिकेटलाई थप उचाइ प्रदान गर्न योगदान गर्न सक्नेछ । उसो त केही पुराना खेलाडीले आफूलाई प्रमाणित गरेका छन् । लिगमा छाएका नयाँ/पुराना खेलाडीले उमेर समूहदेखि राष्ट्रिय टिमकै लागि प्रभावशाली योगदान दिनसक्ने सम्भावना देखिएको छ । यतिमात्रै होइन, नेपालको ओपनिङको लय समात्ने, फाष्ट बलिङ सम्हाल्नेदेखि स्पिन आक्रमणलाई अझै बलियो बनाउने खेलाडी सतहमा आएका छन् । १६ वर्षीय देब्रे हाते स्पिनर विपिनप्रसाद शर्मा, देब्रेहाते ओपनर दिनेश खरेल, फाष्ट बलर नन्दन यादव, रिजन ढकाल र मिडियम पेश बलर किशोरले प्रतियोगितामा धेरैको ध्यान ताने । यसबाहेक शेर मल्ल र दीपेश कँडेल तथा १९ वर्षीय नरेन साउद पनि एनपिएलमा प्रभाव पार्ने बलर हुन् । कर्णालीले ट्यालेन्ट हन्टबाट खोजेका विपिनले एनपिएलको पहिलो संस्करणमा तहल्का नै मच्चाए ।

एनपिएललाई सही तरिकामा निरन्तरता दिने हो भने यसले नेपालको क्रिकेट उद्योगलाई एक अर्ब (१०० करोड)को उद्योगमा परिणत गर्ने निश्चित छ । यो नेपाली खेलकुद उद्योगको विस्तारीकरण र दिगो आर्थिक स्रोतको रूपमा देखापरेको छ । एनपिएलले आर्थिक दृष्टिले ठूलो अवसर सिर्जना गर्नेछ । विदेशी खेलाडीको सहभागिताले नेपाली खेलाडीको स्तर बढाउनेछ र अन्तर्राष्ट्रिय मञ्चमा खेल्ने अवसर प्रदान गर्नेछ । एनपिएलले युवा खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्न प्लेटफर्म दिनेछ ।

यसका लागि व्यावसायिक मापदण्ड र संरचनामा सुधार गर्नु आवश्यक छ । यसलाई अझै पारदर्शी बनाउन पनि आवश्यक छ । प्रतियोगिताको व्यवस्थापन र प्रक्रियामा पारदर्शिता र व्यावसायिकता ल्याउन आवश्यक छ । पहिलोपटक यति ठूलो प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरेको नेपाल क्रिकेट संघ (क्यान) र यससँग जोडिएका व्यक्तिहरू धन्यवादका पात्र हुन् । पहिलो संस्करणले नेपाली खेलाडीहरूलाई एउटै प्रतियोगिता खेलेबापत २० लाख रुपैयाँसम्म पारिश्रमिक पाउने हैसियत बनाएको छ, त्यो अत्यन्त प्रशंसनीय छ । आगामी दिनमा उनीहरूको आयस्तर अझ बढाउँदै लैजानुपर्छ । क्रिकेटले खेलाडी, खेलप्रेमी दर्शकहरूका साथै क्रिकेटमा लगानी गरेका व्यापारीहरूको समेत उत्साह बढाएको छ । अब यसमा सरकारले पनि चासो दिन आवश्यक छ । खेल मैदान बनाउनेदेखि भएकालाई स्तरोन्नति गर्न सरकारले लगानी गर्नुपर्छ । सरकारले खेलकुद क्षेत्रमा थप बजेट र स्रोतहरू विनियोजन गर्न आवश्यक छ ।

# प्रधानमन्त्रीको दिल्ली भ्रमण र सम्भाव्य सम्झौता

**दलीय व्यवस्थामा नेपालका प्रधानमन्त्रीहरू पद तथा गोपनीयताको सच्चा शपथ खान दिल्ली पुग्नेगर्थे । यस परम्परालाई सबैभन्दा पहिला प्रधानमन्त्री टंकप्रसाद आचार्यले भंग गरेर चीन भ्रमण गरेका थिए । त्यसपछि ओलम्पिक खेलको नाममा भए पनि पुष्पकमल दाहालले चीन भ्रमण गरेका थिए ।**



● मणि शर्मा

प्रधानमन्त्री ओलीको आउने जनवरीमा इण्डिया भ्रमणको कुरा प्रकाशमा आएको छ । यसभन्दा पहिला उनी चीन भ्रमणमा गएर बिआरआई कार्यान्वयन गर्ने सम्झौता गरेर आएका छन् । कांग्रेसको सहमतिबाट यो सम्झौता भए पनि सम्झौता भएपछि कांग्रेसवृत्तमा अझै यसको विरोधाभाष देखिन्छ । अर्कोतिर कथित राजावादी भन्नेहरूले पनि एमसिसी र बिआरआई एउटै हो भनेर दुष्प्रचार गरेकै छन् । इण्डो पश्चिमा शक्ति र दरबारिया तथा सैनिक घेराका यी राजतन्त्र तथा हिन्दु राष्ट्रवादीहरू नै सबैभन्दा बढी राजा तथा हिन्दु राष्ट्रविरोधी हुन् । बिआरआई कार्यान्वयन गर्ने सम्झौता भएपछि दक्षिण एशिया हेर्ने अमेरिकी उपविदेशमन्त्री डोनाल्ड लुले इण्डियामा यसविरुद्ध मन्त्रणा गरेपछि नेपाल भ्रमण गरे ।

लुलाई दर्शन भेट दिन तयार भएका ओली उनी आउने बेलामा झापातिर पलायन भए र आरजु राणा देउवा युरोपतिर । उनीहरू डोनाल्ड लुको रौद्र रूप हेर्न नसकेरै यताउता लागेका हुन् । होइन भने राष्ट्रको पक्षमा गरेको बिआरआई कार्यान्वयन सम्झौता गर्नुको औचित्य सावित डोनाल्ड लुलाई गर्नुपर्थ्यो । जहाँसम्म लाग्छ उनी बिआरआईको बदलामा नेपालमा एसपिपी सम्झौता गरेर अमेरिकी सेना नेपाल भित्र्याउने सम्झौता गर्न बाध्य पार्न चाहेका थिए । ओलीलाई भेट्न नपाए पनि उनी देउवा, पुष्पकमल दाहाल र एमालेका अमेरिकी अनुचरहरूलाई भेटेर गए । यी अमेरिकन अनुचरहरूलाई उनले के आदेश दिए भन्ने कुरा गोप्य नै छ ।

प्रधानमन्त्री ओलीको इण्डिया भ्रमणको मिति तोकेर निम्ता दिनुमा मोदीलाई डोनाल्ड लुकै सल्लाह हुनुपर्छ । मोदी र ओलीबीचको सम्बन्ध चुच्चे नक्सा प्रकाशित भएदेखि चरम चुलीमा पुगेको छ । मोदी मिडियाहरू ओलीको विरुद्ध खुलुरै लागेका छन् । यो वैमनस्य सयको नोटमा चुच्चे नक्सा राख्ने गरी चीनलाई छाप्न दिएको, त्यसपछि ओलीको चीन भ्रमण र बिआरआई कार्यान्वयन सम्झौताले इण्डियालाई आगोमा घ्यू थपेको जस्तै भएको छ । महाकाली सन्धिदेखि इण्डियाप्रति बफादारी जनाउँदै राष्ट्रघाती सम्झौता गर्नेको प्रथम स्थानमा ओली नै थिए ।

त्यसपछि पनि उनले इण्डियाको स्वार्थमा राष्ट्रघाती सम्झौताहरू गर्दै गए । इण्डियाले गरेको नाकाबन्दीपछि उनले संसद्बाट एक मतमा कालापानी, लिम्पियाधुरा र लिपुलेक सम्मिलित नेपालको मौलिक नक्सा पारित गराउन सफल हुनु, पुष्पकमल दाहालले अघि बढाएको बिआरआई सम्झौता गर्नु, चीनसँग व्यापार तथा पारवहन सम्झौता गर्नु देशभक्तिमूलक काम थियो चाहे त्यो मोदीको रिसले नै किन नहोस् । ओली र मोदीको मनमुटाव लोग्ने स्वास्नीको झगडा जस्तै हो । यो परालको आगो हो, ओली दिल्ली गएपछि निभ्नेछ ।

दलीय व्यवस्थामा नेपालका प्रधानमन्त्रीहरू पद तथा गोपनीयताको सच्चा शपथ खान दिल्ली पुग्नेगर्थे । यस परम्परालाई सबैभन्दा पहिला प्रधानमन्त्री टंकप्रसाद आचार्यले भंग गरेर चीन भ्रमण गरेका थिए । त्यसपछि ओलम्पिक खेलको नाममा भए पनि पुष्पकमल दाहालले चीन भ्रमण गरेका थिए । उनको पहिलो चीन भ्रमणको इण्डियामा विरोध भएपछि चीनबाट फर्केपछि एयरपोटमै उनले उनको पहिलो राजनीतिक भ्रमण इण्डियामै हुनेछ भनेर इण्डियाप्रति बफादारी जनाए । अहिले पनि ओलीको चीन भ्रमणलाई लिएर उनले इण्डियालाई खुशी पार्न ओलीले चिनियाँ कार्ड खेलेको भनेर भन्न भ्याए । पुष्पकमल दाहाल एउटा अस्थिर स्वभावको स्वार्थी पात्र हुन् ।

नेपालको जुन अहिले अस्थिर अवस्था छ त्यसको मुख्य जिम्मेवारी पुष्पकमल दाहाल र बाबुराम भट्टराई नै हुन् । पशुपतिनाथको मूलभट्टको रूपमा उनी पहिलो पटक प्रधानमन्त्री हुँदा नेपाली विद्वानलाई मुलभट्टमा नियुक्त गरेका थिए । यो उनको सराहनीय कदम थियो तर सात दिन नबित्दै इण्डियाको दबाबका कारण उनलाई मूलभट्टवाट बहिर्गमन गराए । एउटा अस्थिर चरित्रको नेताले यो कदम किन चाल्नु ? अहिले बाध्यात्मक परिस्थितिका कारण ओलीले आफ्नो पहिलो भ्रमण चीनमा गरे । यो उनको चाहना थिएन् बाध्यता थियो ।

जे होस् । डोनाल्ड लुको इण्डियासँगको मन्त्रणापछि दिल्लीले ओलीलाई निम्तो पठायो । नेपालका प्रधानमन्त्री दिल्ली जाँदा नेपाली जनता फेरि कुनै राष्ट्रघात गरेर आउँछन् कि भन्ने डरले भयग्रस्त हुने गर्छन् । अहिले पनि नेपाली जनतामा त्यही त्रास छ । इण्डिया चाहन्छ आफ्नो छिमेकीमा सदैव आफ्नो कठपुतली सरकार रही रहोस्, पूर्ण आज्ञाकारी सरकार । अमेरिका पनि विश्वमा कहीं शान्ति नचाहने राष्ट्र हो । हतियारका व्यापारीहरूले चलाएको डिप स्टेटले अमेरिका मात्र नभएर विश्वभरि आफ्नो सत्ता कब्जा गरेको छ, विशेषगरी नेपाल जस्तो पिछडिएका गरिब देशहरूमा । अमेरिकाको अर्थतन्त्र हतियारको व्यापारमा अडेको छ ।

त्यसैले अमेरिका विश्वभरि सत्तापक्ष र विद्रोशीहरूलाई हतियार बेचेर हिंसा फैलाउने गर्दछ । अहिले टर्कीका राष्ट्रपति यर्दोगानलाई उचालेर सिरियामा विद्रोहीहरूलाई उचालेर बसर अल सदादको सत्ता पल्टाउन सफल भयो । अमेरिकाको इतिहास खुनी छ र भविष्यमा पनि यस्तै रहिरहनेछ । अमेरिकामा बाइडेन आउन् कि ट्रम्प सबैको यही नीति छ । हुन त ट्रम्पले डिप स्टेटलाई अमेरिकी प्रशासन चलाउन नदिने संकेत दिएका छन् । तैपनि उनी सफल होलान् भनेर भन्न कठिन छ । डिप स्टेटको पहुँच ट्रम्प आएपछि ह्वाइट हाउसमा नभए तापनि सिआइए, सेना, नोकरशाहमा रपहरहनेछ ।

आफ्नै राष्ट्रपति जोन अफ क्यानेडीको हत्या सिआइएले गरेको कुरा बाहिर आइसकेको छ । आफ्नै राष्ट्रपतिलाई नछोड्ने सिआइए के अरू देशका राष्ट्राध्याक्षलाई छोड्ला ? इण्डिया हाम्रो छिमेकी हो मित्र होइन । धार्मिक तथा सांस्कृतिक सम्बन्ध दुई देशका जनताबीच होला, यो बेग्लै कुरा हो तर नेपाल एउटा सच्चा तथा मौलिक वैदिक सनातन धर्मावलम्बी राष्ट्र हो । अचेल धर्म परिवर्तन, इण्डियाका नक्क्ली भगवान र धर्मगुरुहरूको चपेटामा नेपालीहरू पर्दै गइरहेका छन् । इण्डियन हिन्दुहरू वर्णसंकर हुन्, मौलिक हिन्दु होइनन् । मुस्लिम र गोरा अंग्रेजले हजार वर्षसम्म इण्डियालाई गुलाम बनाएर वर्णसंकर बनाइसकेको छ ।

भारत भन्ने देश इण्डियामा कहिल्यै थिएन् । जुन भरत राजाको नामबाट भारतवर्ष भयो ती भरतको तीनै जन्म नेपालमै भएको थियो र उनी नै हिमालयदेखि विन्ध्याचल पर्वतसम्मका राजा थिए । इण्डिया त बेलायतले बनाइदिएको हो । ५६५ स्वतन्त्र राज्यहरू भएका मुलुकहरू सरदार बल्लभभाइ पटेलको साम, दाम, दण्ड, भेद नीतिले वर्तमान इण्डिया भएको हो । मुसलमान र बेलायतीहरूबाट धर्मान्तरण गरी जन्माएका र प्रशिक्षित इण्डियन हिन्दुहरू वर्णसंकर हिन्दु हुन् । नेहरूले पनि अंग्रेजको नीति अवलम्बन गरेका थिए ।

उनको नेहरू डक्ट्रिन र मोदीको नीतिमा कुनै फरक छैन, नेहरूदेखि मोदीसम्म आउँदा इण्डियाको छिमेकीहरूप्रति हेपाहा नीति छँदै छ । छिमेकीको भूमि अतिक्रमण गर्ने, छिमेकीमा आफ्नो कठपुतली सरकार बनाउने, यदि बन्न नसके त्यसलाई ढाल्ने र अहिले आएर मोदी र आरएसएसको अखण्ड भारत नीति उही बेलायती साम्राज्यवादी नीतिकै अंग हो । हिजोका गोरा अंग्रेज र अहिलेका काला अंग्रेजमा कुनै अन्तर छैन ।

प्रिय प्रधानमन्त्री ओलीज्यू, तपाईंको दिल्ली भ्रमण सुनिश्चित भएकै हो भने तपाईं दिल्ली जानुस्, मोदीसँग हात मिलाउनुहोस् । गला पनि मिलाउन सक्नुहुन्छ, डिनर पनि खानुहोस् । भलाकुसारी गर्नुहोस् । मोदीको हालचाल पनि सोध्नुहोस् । सक्नुहुन्छ भने, तपाईंमा मर्दाना आँट छ भने कालापानी, लिपुलेक, लिम्पियाधुरालाई नक्सा र नोटमा होइन वास्तवमा नेपाललाई फर्काउन मोदीलाई प्रेसर दिनुहोस् । हो, त्यसका लागि ती क्षेत्र हाम्रै हुन् भन्ने प्रमाणहरू लिएर जानुस् । तपाईंमा त्यो मर्दाना आँट छैन भने चूप लागेर कुनै सम्झौता नगरेर रित्तै फर्केर आउनुस् तर कुनै राष्ट्रघाती सन्धि सम्झौता गरेर नआउनुहोस् ।

नेपालका प्रधानमन्त्रीहरू इण्डिया जाँदा कुनै न कुनै राष्ट्रघात नगरी फर्किनन् भन्ने जनधारणा छ ।

त्यसैले प्रधानमन्त्रीको दिल्ली भ्रमण हुँदा जनता सधैं त्रसित रहन्छन् । तपाईंको जीवनको यो सन्ध्याकालमा कुनै पनि राष्ट्रघात नगरिदिनुहोला । महाकाली सन्धिदेखिका तपाईंले गरेका सन्धि सम्झौताहरू, तपाईंले गरेका अथाह भ्रष्टाचारको दुर्गन्धले तपाईं इतिहासको पानामा एउटा कलंकित पात्र भएको तपाईंको आत्मालाई थाहा नहुने कुरै भएन । अबको अतिरिक्त जीवन देशभक्तिमा गुजारेर आफ्नो छविलाई सुधार्ने काम गर्नुहोला । विदेशी शक्तिले बालुवाटारको म्युजिकल चेयरमा तपाईं, देउवा र पुष्पकमल दाहाललाई घुमाइरहन्छ । यो म्युजिकल चेयर दिने पनि विदेशी शक्ति हुन्, यस खेलको आयोजक पनि तिनै विदेशी शक्ति हुन् र रेफ्री पनि तिनै हुन् ।

जसलाई त्यो म्युजिकल चेयरमा बसाउन मन लाग्छ उसले उसलाई नै बसाउँछ भन्ने कुरा तपाईंलाई हेक्का नै होला । म्युजिकल चेयरको लोभबाट मुक्त भएर एउटा सच्चा देशभक्त नेपाली बन्नुहोस् । तपाईंको जीवन छोटो छ, कृपया तपाईं राष्ट्रघात र भ्रष्टाचारबाट अब टाढै रहनुहोस् । तपाईंको म्युजिकल चेयर दिल्लीबाट फर्केपछि ढल्न पनि सक्छ यदि तपाईंले राष्ट्रघात गर्नुभएन भने । त्यो म्युजिकल चेयरमा बस्न पुष्पकमल दाहाल आँ गरेर दक्षिणतिर ताकेर बसेको तपाईंलाई थाहा हुनैपर्छ ।

जसरी तपाईंले महाकाली सन्धि पारित गर्दा वैकल्पिक सदस्यको प्रथम सूचीमा हिरन्यलाल श्रेष्ठ हुँदाहुँदै ५ नम्बरको वर्तमान सभामुख देवराज घिमिरेलाई मनमोहन अधिकारीको इच्छाविपरीत भोट हाल्न लगाएर राष्ट्रघाती महाकाली सन्धि गर्नुभयो, त्यो नीति सदैव लागू हुँदैन यो पनि बुझ्नुहोला, पुटिनको सल्लाहकार जसलाई पुटिनको दिमाग भनिन्छ तथा दार्शनिक अलेक्जेण्डर दुगिनले भनेका छन्, ह्वाइट हाउसमा डोनाल्ड ट्रम्पको आगमन, उही डोनाल्ड ट्रम्प जसले अप्रत्यक्ष रूपमा हामीविरुद्ध यो युद्ध सुरु गराए, यो विषयले गहन महत्त्व राख्दछ । उनको नेतृत्वले हाम्रो प्रमुख शत्रुको छविमा ठूलो परिवर्तन ल्याएको छ । जो अझै हाम्रो प्रमुख विपक्षी बनेको छ ।

**जसरी तपाईंले महाकाली सन्धि पारित गर्दा वैकल्पिक सदस्यको प्रथम सूचीमा हिरन्यलाल श्रेष्ठ हुँदाहुँदै ५ नम्बरको वर्तमान सभामुख देवराज घिमिरेलाई मनमोहन अधिकारीको इच्छाविपरीत भोट हाल्न लगाएर राष्ट्रघाती महाकाली सन्धि गर्नुभयो, त्यो नीति सदैव लागू हुँदैन यो पनि बुझ्नुहोला ।**

हामी सामूहिक पश्चिम, नेटो र तिनीहरूलाई निर्देशन गर्ने वैश्विकतावादी सम्भ्रान्तहरूसँग लडिरहेका छौं । अहिले डोनाल्ड ट्रम्प संयुक्त राष्ट्र अमेरिकाको नेतृत्व गर्न उदाएका छन् । उनी घोषणा गर्छन् म पनि वैश्विकतावादी सम्भ्रान्तहरूसँग लड्दैछु । यद्यपि संयुक्त राष्ट्र अमेरिका, सामूहिक पश्चिम र नेटो अलाइड कमाण्ड ट्रान्सफोर्मेसनको मुख्य स्तम्भ हो, डोनाल्ड ट्रम्पसहितको होस् वा डोनाल्ड ट्रम्पबिनाको । यसले एक भयंकर तनाव सिर्जना गर्दछ । इण्डिया पनि हाम्रा लागि त्यस्तै हो ।

प्रिय प्रधानमन्त्रीजी अलेक्जेण्डर दुगिनको फोर्थ पोलिटिकल थ्योरी पढ्नुभएको छैन भने एकचोटि हृदयदेखि अध्ययन गर्नुहोस् र रुसले लिएको आफ्नो माटो सुहाउँदो, आफ्नो धर्म संस्कृति र सभ्यतामा आधारित व्यवस्था ल्याउन राष्ट्र एकीकरणको जगमा मत्छेन्द्रनाथ, राष्ट्रगुरु गोरखानाथ, भगवन्तनाथ र राष्ट्रयोगी नरहरिनाथको विचारको जगमा वैदिक समाजवाद, साम्यवाद लागू गर्ने दिशातिर अग्रसर हुनुहोस्, यदि तपाईंमा देशभक्तिको भावना किञ्चित मात्रामा छ भने । शायद तपाईंले अहिलेसम्म गर्दै आएको कालो कर्तुतको जालोले तपाईंलाई त्यो दिशामा अग्रसर हुन दिने छैन ।

तपाईंको यो दिल्ली भ्रमण अन्तिम भ्रमण पनि हुनसक्छ । जसरी तपाईं पछिल्लो पटक प्रधानमन्त्री हुँदा अन्नपूर्ण पोष्टका मालिक क्याप्टेन रामेश्वर थापाले तत्कालीन रअ प्रमुखाई मध्यरात्रिमा तपाईंसँग भेटाइदिएपछि तपाईंको सत्ता पलट भएको थियो र त्यही रामेश्वर थापाले मध्यरात्रिमा तपाईंलाई देउवासँग भेटाइदिएर अहिले प्रधानमन्त्री बन्नुभएको छ । तपाईंहरूलाई प्रधानमन्त्री कसले बनाउँछ तपाईंलाई विदितै होला । त्यसैले तपाईं नेपालको प्रधानमन्त्री बन्नुहोस् न कि डिप स्टेटबाट सञ्चालितहरूको ?

# चलचित्रमा नारीवाद

**चलचित्रमा नायक भन्ने बित्तिकै हृष्टपुष्ट पुरुष पात्रलाई झट्ट सम्झने गरेको हाम्रो सामाजिक मानसिकतालाई चिर्दै पछिल्लो समयमा नायक पुरुषमात्र हुँदैनन् भन्ने मान्यताको सुरुवात हुनु सुखद् पक्ष हो । यो मान्यताको सुरुवात गर्ने श्रेय केही हदसम्म नेपाली सिने जगतकी बोल्ड नायिका रेखा थापालाई जान्छ ।**



● देवकी गौतम

नारीवाद : झट्ट सुन्दा यो शब्दले महिलाले पुरुषमाथि गर्ने शासन व्यवस्था अथवा दमन भनेर बुझ्ने गरिन्छ । वास्तवमा नारीवादले पुरुषप्रधान समाजलाई चुनौती दिँदै महिलाको गरिमा, स्वतन्त्रता र अवसरको सुनिश्चितता प्रदान गर्ने प्रयास गर्दछ । यसको उद्देश्य महिला र पुरुषबीचको सामाजिक, आर्थिक र राजनीतिक समानता स्थापना गर्नु हो । सायद यसैले होला पढेलेखेका मैं हूँ भन्ने विद्वानहरूले पनि नारीवाद शब्दसँग अलि नाक खुम्च्याउने गरेको पाइन्छ । चलचित्रमा नारीवादको प्रसंग कोट्याउँदा आज विकसित भएको नेपाली चलचित्र क्षेत्रको पहिलो फिल्म आमा र पहिलो रंगीन फिल्म कुमारीको निर्माण गर्ने बेलामा शीर्षक चयनमा यही मानसिकताले काम गरेको थियो अथवा संजोगमात्र थियो यो एउटा उत्साहित खोजको पाटो हुन सक्दछ ।

विश्व चलचित्र बजारलाई हेर्दा सन् १९२६ मा रुसका चलचित्र कर्मी सर्जेइ आइन्स्टाइनले महिलाको मुख्य भूमिका रहेको 'मद' नामक फिल्म बनाएका थिए । त्यसैको असर स्वरूप भारतमा बलिउड चलचित्र कर्मी महबुब खानले सन् १९५७ मा चलचित्र 'मदर इण्डिया' बनाए । हामी सबैलाई थाहा छ कि त्यसपछि यो ट्रेण्ड नेपाल आइपुग्यो र वि. सं. २०२० सालमा 'आमा' शीर्षकको पहिलो नेपाली फिल्मको निर्माण भयो । नाम दाम कमाएको स्तरीय चलचित्रको नाम लिनुपर्दा आज पनि हामी माइतीघरको नाम लिन भुल्दैनौं ।

अधिकांश चलचित्रमा पुरुषले क्रिया गर्दछन् भने, महिला प्रदर्शितमात्र हुन्छन् । पुरुष पात्रलाई सशक्त बनाउन र चलचित्रमा मसलाको रूपमा महिला पात्रलाई प्रयोग गरिएको हुन्छ । समाजमा पुरुष जति स्वतन्त्र हुन्छन् त्यही अनुपातमा महिला स्वतन्त्र हुन नसक्नुको प्रभाव फिल्ममा पनि देखिन्छ । माया प्रेममा बाहेक अन्य प्रसंगमा पुरुष पात्रकै निर्णय अन्तिम हुन्छ । अझ भनौं महिलालाई डान्स बारको घेराभित्र उध्रेको चोली, चोली छोटो भो जस्ता आइटम गानामा नर्तकीको रूपमा बढी प्रस्तुत गरिनेमात्र होइन दर्शकले पनि आँखा नझिमक्याई रुचाएर हेर्ने गरेको पाइँन्छ ।

प्रसिद्ध समाजशास्त्री लौरा मुल्बेले आफ्नो एक पुस्तकमा भनेका छन्-पर्दामा तिनले कति उत्तेजित बनाउँछिन् या तिनले के पस्किन्छिन् । तिनी मात्र एक हुन् जसले कि त नायकमा डर पैदा गर्छिन् वा प्रेमको भाव थप्छिन् । जसको कारण नायकको अभिनय सशक्त देखिन्छ । यही भनाइलाई हेर्ने हो भने पर्दामा महिला पात्रलाई पुरुषको सपनामा आउने, संघर्षमा आउने र द्वन्द्वको कारणको रूपमा प्रस्तुत गरिएको छ । उनै मुल्बेलाई फेरि एकपटक सुन्ने हो भने -सक्रिय पुरुषलाई सञ्चालन गर्न एउटा निष्क्रिय महिलाको क्रियापूर्ण सुन्दरता जरुरी छ । सायद यही मान्यताबाट प्रायजसो सिनेमाहरू निर्माण हुने गर्दछन् ।

भनिन्छ, चलचित्र खाली पानामा अक्षरहरू भरेर निर्माण सुरु गरिन्छ । ती खाली पानामा अक्षरहरू भर्ने पात्र अर्थात् फिल्ममा लेखक, निर्माता र निर्देशकको रूपमा सशक्त महिला नहुनु र भएका महिलाहरूले पनि आफ्नो उपस्थितिलाई सशक्त रूपमा अगाडि सार्न नसक्नु पनि सिनेमामा महिला पात्रमाथि गरिने अन्यायको अर्को महत्त्वपूर्ण कारण हुन सक्दछ ।

केही समयअघिसम्म महिलालाई शृंगारिक पात्रका रूपमा प्रस्तुत गर्ने गरिन्थ्यो । नेपाली सिने जगतको आधा शताब्दीको इतिहासमा चलचित्रमा नायक भन्ने बित्तिकै हृष्टपुष्ट पुरुष पात्रलाई झट्ट सम्झने गरेको हाम्रो सामाजिक मानसिकतालाई चिर्दै पछिल्लो समयमा नायक पुरुषमात्र हुँदैनन् भन्ने मान्यताको सुरुवात हुनु सुखद् पक्ष हो । यो मान्यताको सुरुवात गर्ने श्रेय केही हदसम्म नेपाली सिने जगतकी बोल्ड नायिका रेखा थापालाई जान्छ । पछिल्लो समयमा निर्माण भएका सिनेमाहरूमा विज्ञापनका लागि पोष्टरदेखि प्रचारसम्ममा समेत महिला पात्रलाई बोल्ड बनाएर प्रस्तुत गर्ने होडबाजी जस्तै चलेको छ ।

संस्कृतमा एउटा प्रचलित श्लोक छ-नारीणां गुणकथनं परमं श्रेयस्करं स्मृतम् । धर्मार्थकाममोक्षेषु नारीणां सह कार्यत । अर्थात् नारीका गुणहरूको वर्णन गर्नु परम श्रेयस्कर मानिन्छ । धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका लागि नारीहरूको सहभागिता महत्त्वपूर्ण छ । यो श्लोकले भनेको जस्तै निर्माता/निर्देशकले आर्थिक मुनाफाका लागि मात्र महिला पात्रलाई शसक्त नायकको भूमिकाको रूपमा प्रस्तुत गरेका त होइनन् ? दैनिक घर व्यवहारमा गृहलक्ष्मी र कार्यालयमा स्मार्ट सहायकभन्दा माथिल्लो दर्जामा महिलालाई हेर्दा हाम्रो आँखा टट्टाउने यो समाजमा नेपाली चलचित्रमा पछिल्लो समयमा भने नारी पात्रलाई दर्शकले मज्जाले ताली पिटी पिटी रुचाएर हेर्ने गरेका छन् ।

'घैंटोभित्र घाम लागे मात्र-आइमाईले संसार देख्न पाउँछन्' नेपाली सिनेजगतले आज लगभग ५० वर्ष पार गरिसक्दा पनि सिनेमाभित्र महिला पात्रको अवस्था चलचित्र माइतिघरको यो डाइलगको अवस्थाभन्दा खासै पर पुग्न सकेको देख्न पाइएको छैन । 'बत्तीमुनिको पिँध अँध्यारो हुन्छ' तुलसी घिमिरेको चर्चित फिल्म दक्षिणामा बोलिएको डाइलग जस्तै समाजलाई सकारात्मक परिवर्तन गराउने, समाजको संवाहक रूपी कलाकारहरूले जबसम्म आफूलाई प्रज्ज्वलित गराएर समाजलाई उज्यालो प्रदान गर्ने साहस राख्दैनन् तबसम्म समाजमा परिवर्तनको उज्यालो किरण देखापर्न गाह्रो हुन्छ ।

**हाल नेपाल सरकारले समान कामको समान ज्याला निर्धारण गरेको छ तर पनि श्रव्यदृश्यमा सशक्त भूमिका निर्वाह गरेर समाजलाई सकारात्मक सन्देश प्रदान गर्न सक्ने महिला पात्र स्क्रिनमा मात्र पछाडि छैनन् कामको ज्यालाको विषयमा अझ पनि तल्लो दर्जामा छन् ।**

चलचित्र समाजको ऐना हो । यसका सकारात्मक पाटाहरूले समाजलाई सही दिशा प्रदान गर्न सहयोगी भूमिका खेल्दछ । जसरी रक्सी चुरोट सेवन गरेका फिल्मका दृश्यहरूमा धूम्रपान मद्यपान स्वास्थ्यका लागि हानिकारक छ भनेर लेख्ने गरिएको पाइन्छ जुन अत्यन्तै सकारात्मक कुरा हो । तर, श्रीमती कुटिरहेको दृश्य पर्दामा देखिँदाखेरि महिला हिंसा कानुनी रूपमा अपराध हो अथवा लैंगिक हिंसा निन्दनीय छ भनेर ब्यानरमा २/४ अक्षर लेख्नका लागि हामी किन कन्जुस्याइँ गरिरहेका छौं ?

द सेन्टर फर द स्टडी अफ वुमन इन टेलिभिजनले केही समय अगाडि गरेको एक अध्ययनका अनुसार-अधिकांश चलेका चर्चित चलचित्रहरूमा प्रमुख पात्रको रूपमा २९ प्रतिशत चलचित्रमा महिला पात्रलाई प्रस्तुत गरिएको थियो । यही तथ्यलाई आधार मानेर विश्लेषण गर्दा महिला कलाकारको जीवन्त अभिनयको कारण चलचित्र क्षेत्रले महत्त्वपूर्ण फड्को मारेको छ भन्न गाह्रो मान्नु हुँदैन । लामो समयपछि नेपाली दर्शकहरूलाई हलसम्म तान्नका लागि नेपाली सिनेमाहरू पनि सफल हुन थालेका छन् तर गम्भीर भएर हेर्ने हो भने त्यही महिला कलाकारमाथि पारिश्रमिकलाई लिएर अत्यन्त ठूलो विभेद गरिएको छ । पछिल्लो समय विज्ञापनदेखि पोष्टर पम्पलेट र चलचित्रको बजारीकरणमा समेत महिलाको उपयोग गर्ने ट्रेण्ड बढेको छ तर नेपाली सिने जगतमा नाम चलेका महिला कलाकारहरू पनि पुरुष कलाकारको तुलनामा अत्यन्त कम पारिश्रमिकमा काम गर्न बाध्य छन् ।

हामी सानो छँदा गाउँघरतिर पुरुषले मलको डोको बोके १२ रुपैयाँ र त्यही मलको डोको महिलाले बोके ८-१० रुपैयाँ ज्याला दिने चलन थियो । मेरी आमाले समान कामको समान ज्याला दिनुपर्दछ भन्दै महिलालाई पनि १२ रुपैयाँ ज्याला दिएपछि ज्याला बढाएको भनेर गाउँभरिका साहुजन मानिसहरू मेरी आमासँग रिसाएका थिए तर आमाले प्रतिवाद गर्नुभयो । कामदार महिलाहरूले आमाको कुरामा खुशी भएर साथ दिएपछि गाउँमा १२ रुपैयाँ ज्यालाको सुरुवात भएको थियो । हाल नेपाल सरकारले पनि समान कामको समान ज्याला निर्धारण गरेको छ तर पनि श्रव्यदृश्यमा सशक्त भूमिका निर्वाह गरेर समाजलाई सकारात्म सन्देश प्रदान गर्नसक्ने महिला पात्र स्क्रिनमा मात्र पछाडि छैनन् कामको ज्यालाको विषयमा अझ पनि तल्लो दर्जामा छन् ।

पचास वर्षभन्दा लामो इतिहास भएको नेपाली सिनेजगतभित्र सामान्यतया पुरुष कलाकारको ज्याला १२-१५ लाख देखि सुरु भएको देखिन्छ भने महिला कलाकारको ज्याला २-४ लाखबाट मात्र सुरु भएको पाइन्छ । यहाँ राज्यको श्रम ऐनले किन काम गर्न नसकेको होला ? अरूलाई समाजको प्रतिबिम्ब देखाउने सिने जगतले आफूभित्रको यो असमानतालाई आत्मसात गरेर आफूलाई परिवर्तन गर्न जरुरी छ । तबमात्र समतामूलक समाज निर्माणमा नेपाली सिने जगतको भूमिकालाई मुक्त कण्ठले प्रशंसा गर्न सकिन्छ ।

# परराष्ट्र नीतिमा हाम्रो अडान



■ कपिल अर्याल

नेपालले सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गऱ्यो । सदस्य प्राप्त गर्नु सामान्य विषयवस्तु मात्र थिएन विश्वमञ्चमा आफ्नो परिचय स्थापित गर्नु आफैंमा गर्भिलो उपस्थिति थियो । त्यही गर्भिलो इतिहाससँगै नेपालले विश्वका अन्यमुलुकसँग दैत्य सम्बन्ध कायम गर्दै विचार आदानप्रदानको बाह्य ढोका खोलेको सर्वविदितै छ । पञ्चशीलको सिद्धान्त तथा संयुक्त राष्ट्रसंघको वडापत्र स्वीकारर्दै नेपाल संयुक्त राष्ट्रसंघको सदस्य त बन्यो तर प्रकारान्तरमा नेपालले कैयौं पटक संयुक्त राष्ट्रसंघका ठोस कदम र नीतिविपरीतका गतिविधिमा सक्रिय हुनाले देशको वर्तमान राजनीतिमा असन्तुलनको अवस्था सिर्जना गरेको अनुभूति गर्न सकिन्छ । इण्डोनेसियाको वाङडुङ सम्मेलनमा नेपालले भाग लिँदै असंलग्नताको सिद्धान्तलाई अंगिकार गरी तटस्थाताको सिद्धान्तलाई आत्मसाथ गऱ्यो । वर्तमान परिपेक्ष्यमा भने नेपाल असंलग्नता र तठस्ताको सिद्धान्तविपरीत कार्यमा सरिक भइरहेको छ । यसले भविष्यको नेपालको राजनीतिमा कस्तो प्रभाव पार्न सक्छ भन्नेमा बहस छेड्न जरुरी छ ।

नेपाललाई सदीयौंदेखि स्वतन्त्र, अखण्ड, अभिभाज्य मुलुक भनेर व्याख्याता विष्लेष्ण गरे पनि नेपाल वैचारिक र यर्थाथपूर्ण ढंगबाट अर्धऔपेनेवेसिक वादको चंगुलमा संघर्ष गरिरहेको छ । यो अवस्थामा परराष्ट्रनीतिका सैद्धान्तिक जगमा हामी अडिग रहन नसक्नुले हाम्रो भू-सामरिक, भूराजनीतिमा गम्भीर स्खलन निम्त्याउन प्रयास गरिरहेको छ । केही वर्षका घटनाक्रमलाई आँखी झ्याँलबाट चिहाउने हो भने इजरायल र प्लालेस्टाइनको पक्ष-विपक्षमा हाम्रो उपस्थितिले के संकेत गर्न खोजिरहेको छ । शान्ति क्षेत्र घोषणाको विपक्षमा मतदान गर्ने शोभियतकालीन रुस-यक्रेनको पक्ष विपक्षमा मतदान गर्ने हाम्रो फितलो निर्णयले के कस्तो असर पार्न सक्छ ? के हामी यसप्रति संवेदनशील छौं ? विलकुल छैनौं, बरू निष्पक्षता, असंलग्नता र तटस्थताको विरुद्धमा हामी गृहकार्य गरिरहेका छौं । यो चरित्रको आदतले परराष्ट्र नीतिमा पर्ने दीर्घकालीन समस्याप्रति हाम्रो गम्भीरतामा अनेकौं प्रश्न जेलिएका छन् ।

नेपालको वर्तमान राजनीतिक अवस्था परराष्ट्र नीतिको सवालमा असन्तुलित देखिन्छ । बहुधुर्वीय बहस र संर्घषबीच उत्पन्न प्रभावका बाछिटा होलान् तर निरन्तर रूपमा विदेश-परराष्ट्र नीति कार्यान्वनको सवालले निम्ताएका जटिलताको सैद्धान्तिक धरातलउपर हाम्रा कमीकमजोरी सावित भएका छन् । त्रिकोणात्मक शक्ति केन्द्र अर्थात् भारत, चीन र अमेरिकाको चंगुलमा फसिरहेका छौं । हालै चीनको भ्रमणको क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ समकक्षीबीच प्रस्तुत भएको संयुक्त वक्तव्यले चीन शासित मानिएको ताइवान मामिलामा हाम्रो सदासयताले कस्तो नकरात्मक असर पार्नसक्छ । उदाहरणका लागि नेपालले नि:शस्त्रीकरणको सिद्धान्त अपनाए पनि दश वर्षे सशंसत्र हिंसा देशमा मच्चीनुले शान्ति प्रक्रिया टुंग्याउन कठिन छ । विश्वमञ्चमा आइरहेका उतारचढावबीच हाम्रो संयमता र अक्षुणता अति आवश्यक छ ।

नेपालको संविधानले समेत संयक्त राष्ट्रसंघको सिद्धान्त, विधि र विधानलाई अंगिकार गरेको छ, जुन निष्पक्षता, असंलग्नताको मर्मनरूप छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक हाम्रो व्यवस्थामा कस्तो असर पार्नसक्छ हामी गहन विश्लेषण गरिरहेका छैनौं । तसर्थ चित्कारले होइन चिन्तनद्वारा समस्याको निरूपण गर्न जरुरी छ । समसामिप्यताको परराष्ट्रनीति हाम्रो मूल परराष्ट्रिय चिन्तनको नीति हो, जुन संयक्त राष्ट्रसंघको अवधारणासँग मेल खान्छ । यसैमा ब्रमलिन हुन नेपालका लागि लाभकारी र फलदायी हन्छ ।

उतरार्द्धमा सत्ता स्वार्थका निम्ति उग्र क्रान्तिकारी देखिनु वा अति विनयकारी देखिनु विश्वमञ्चका लागि हामी जस्ता साना मलुकको खासै अर्थ लाग्दैन । तसर्थ अवलम्बन गरेका विदेश नीति, परराष्ट्रनीति र संयुक्त राष्ट्रसंघका अवधारणामा अक्षुण, स्वतन्त्र, विष्पक्ष हुनसके देशको स्वाभिमानलाई मजबुत बनाउन सक्दछौ । संक्रमणकालीन समयमा विगतका घटनाक्रमबाट शिक्षा लिई पञ्चायतकालीन समयमा जस्तो कूटनीतिक चातुर्यता अपनाई त्रिकोणत्माक शक्ति केन्द्रको दबावबाट बाहिर निस्कन सकेमात्र नेपालको जय हुनेछ ।

# बागमती प्रदेशमा धान उत्पादन घट्यो

**हेटौंडा/रासस ।** बागमती प्रदेशमा यस वर्ष धानबाली उत्पादनमा ह्रास आएको छ । गत असोज ११ र १२ को वर्षासँगै आएको बाढीपहिरोले क्षति पुऱ्याउँदा धान एक दशमलव ३७ प्रतिशतले उत्पादनमा ह्रास आएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ । चालु आर्थिक वर्षमा बागमती प्रदेशमा कुल एक लाख पाँच हजार ४१५ हेक्टरमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिक टनका दरले चार लाख आठ हजार ३१६ मेट्रिक टन धान उत्पादन भएको निर्देशानलयका कृषि अर्थविज्ञ नवीन कुँवरले जानकारी दिनुभयो ।

अघिल्लो आव २०८०/८१ मा एक लाख नौ हजार १५१ हेक्टरमा धानबाली लगाइएकामा चार लाख १३ हजार ९८८ मेट्रिक टन उत्पादन भएको थियो । कुँवरका अनुसार गत वर्षको तुलनामा यस वर्ष चितवन, काठमाडौं, ललितपुर, भक्तपुर र नुवाकोटमा धान उत्पादन बढे पनि अन्य जिल्लामा घटेको हो । बागमती प्रदेशको सबैभन्दा बढी धानखेती हुने चितवनमा यस वर्ष २३ हजार सात सय हेक्टरमा प्रतिहेक्टर चार दशमलव १५ मेट्रिक टनका दरले ९८ हजार ३५५ मेट्रिक टन धान उत्पादन भएको छ । नुवाकोटमा ११ हजार ६१५ हेक्टरमा प्रतिहेक्टर चार दशमलव १७ प्रतिशतका दरले ४८ हजार ३९० मेट्रिक टन, धादिङमा ११ हजार ३१२ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ८९ प्रतिशतका दरले ४४ हजार चार मेट्रिक टन उत्पादन भएको छ ।

काठमाडौंमा यस वर्ष चार हजार ९२४ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ७१ प्रतिशतका दरले २३ हजार १९२ मेट्रिक टन, ललितपुरमा चार हजार १७८ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ५३ प्रतिशतका दरले १८ हजार ९२६ मेट्रिक टन र भक्तपुरमा तीन हजार ५९९ हेक्टरमा प्रतिहेक्टर पाँच दशमलव ५१ प्रतिशतका दरले १९ हजार ८२३ मेट्रिक टन धान उत्पादन भएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

बाढीपहिरोबाट बढी प्रभावित मकवानपुर, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोकलगायत जिल्लामा यस वर्ष धान कम उत्पादन भएको छ । मकवानपुरमा सात हजार १७ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव नौ प्रतिशतका दरले २७ हजार ३६६ मेट्रिक टन, काभ्रेमा आठ हजार १९ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ९१ प्रतिशतका दरले ३१ हजार ३५४ मेट्रिक टन, रामेछापमा सात हजार ८८० हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ५४ प्रतिशतका दरले २० हजार १५ मेट्रिक टन र सिन्धुपाल्चोकमा सात हजार नौ सय हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ९२ प्रतिशतका दरले २३ हजार ६८ मेट्रिक टन धान उत्पादन भएको हो ।

दोलखामा दुई हजार ८७२ हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ५० प्रतिशतका दरले सात हजार ६८ मेट्रिक टन र रसुवामा एक हजार ९९ हेक्टरमा प्रतिहेक्टर दुई दशमलव २३ प्रतिशतका दरले दुई हजार ४५१ मेट्रिक टन धान उत्पादन भएको कृषि विज्ञ कुँवरले जानकारी दिनुभयो । बाढीपहिरोले ३७ हजार हेक्टरमा लगाइएको पाँच हजार छ सय मेट्रिक टन धानबालीमा क्षति पुगेको जनाइएको छ । समयमा वर्षा र रोग कीराको प्रकोप कम भएकाले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरिए पनि बाढीपहिरोले क्षति पुऱ्याएपछि उत्पादनमा घटेको हो ।

# आधारहीन आरोप होइन, आलोचनात्मक पत्रकारिताको खाँचो : अध्यक्ष बस्नेत

**हिमालय टाइम्स**
काठमाडौं, ७ पुस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले स्वस्थ आलोचनाको सट्टा डिजिटल मिडियाबाट आधारहीन आरोपले प्रश्रय पाएको भन्दै त्यसलाई रोक्न सञ्चारकर्मी स्वयं सचेत बन्नुपर्ने सुझाव दिनुभएको छ । काउन्सिलले नियमितरूपमा नयाँ अनलाइनका सम्पादक/प्रकाशकका लागि गर्दै आइरहेको आचारसहिंता अभिमुखीकरण कार्यक्रमको ५३औं शृंखलामा उहाँले आधारहीन एकपक्षीय आरोप, नकारात्मकता र पक्षधरताले सञ्चार माध्यमकै बद्नाम हुने बताउनुभयो ।

कतिपय सञ्चार माध्यमले जानाजानी आरोपै आरोपको शृंखला सुरु गरेको उहाँले बताउनुभयो । पत्रकारितामा आलोचनात्मक चेत आवश्यक भएपनि आलोचना गर्नु भनेको आरोपको वर्षा लगाउनु नभएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'पत्रकार स्वयं सजग, सचेत र चनाखो नहुँदा यसको मार मिडिया जगतले खेपिरहनुपर्छ ।' अहिले आधारहीन आरोप नभएर आलोचनात्मक पत्रकारिताको खाँचो रहेको अध्यक्ष बस्नेतले औंल्याउनुभयो । पत्रकारले समस्या केलाउने मात्र नभएर त्यसको समाधानका लागि हुनुपर्ने कामहरूमा समेत चासो देखाउनुपर्ने बेला आएको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष विपुल पोखरेलले आचारसंहिता भनेको आफूले आफैँलाई अनुशासनमा बाध्ने सूत्र भएकाले पत्रकारहरूले यसको सधैं पालना गर्नुपर्ने बताउनुभयो । उहाँले प्रेस काउन्सिलको मूल काम नै आचासंहिता निर्माण गर्ने र लागू गराउने रहेको र काउन्सिलले नयाँ सूचीकरण हुने अनलाइनलाई अभिमुखीकरण गरेदेखि यसले राम्रो नतिजा देखिएको उल्लेख गर्नुभयो । पोखरेलले पत्रकारिताभित्र आलोचनात्मक चेतलाई कमजोर बनाउन नहुने भन्दै आलोचनाका नाममा आरोप पत्रकारितालाई रोक्न काउन्सिलले विशेष सक्रियता देखाउनुपर्ने सुझाव राख्नुभयो ।

विषय विज्ञको रूपमा सहभागी पत्रकार फूलमान बलले पहिले पत्रकार भन्नासाथ बौद्धिक वर्ग भन्ने धारणा रहेको उल्लेख गर्दै त्यसमा प्रश्न उठाउने काम पत्रकार आफैँले गर्न नहुने बताउनुभयो । नेपाल टेलिभिजनका निवर्तमान महाप्रबन्धकसमेत रहनुभएका उहाँले अहिले गफ गरेकै भरमा गोपनीयताको ख्याल नगरी पत्रकारले लेख्छ वा पैसको बार्गेनिङ गर्छ भन्ने भाष्य निर्माण हुन थालिनु दु:खद् भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'अब राज्यले पत्रकारको योग्यतासम्बन्धी स्पष्ट मापदण्ड बनाउन पनि आवश्यक छ ।' कार्यक्रममा सहभागी अग्रज पत्रकार अरुण बरालले अहिले पत्रकारितामा आर्थिक संकटसँगै सामग्री (कन्टेन्ट)को संकट देखिएको उल्लेख गर्नुभयो । काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले पत्रकार आचारसहिंताअन्तर्गत चार निर्देशिका रहेको र यसको कार्यान्वयन गर्दा समाचार विवादरहित हुने समेत औंल्याउनुभयो । कार्यक्रमको सहजीकरण शाखा अधिकृत सुवास राईले गर्नुभएको थियो ।

# दुनै-लासिक्याप सडक ट्र्याक निर्माणमा तीव्रता

**सुर्खेत ।** डोल्पा सदरमुकाम दुनैबाट माथिल्लो डोल्पाको मरिमसम्मको एक सय किलोमिटर सडकमध्ये २५ किलोमिटर खण्डको ट्र्याक निर्माण सुरु भएको छ । भेरी करिडोर सडक आयोजनाअन्तर्गत सदरमुकाम दुनैसम्म यातायात सञ्चालन भए पनि सो भन्दा माथिल्लो भेगमा सडक सुविधा छैन । दुनै-लासिक्याप सडक निर्माण सुरु भएसँगै सो भन्दा माथिल्लो भेगमा नेपाली सेनाले काम गर्ने छ । हाल २५ किलोमिटर सडकखण्डभित्र ट्र्याक निर्माण तीव्र बनाएको आयोजना प्रमुख सुनिल रञ्जितकारले जानकारी दिनुभयो ।

लासिक्याप-मरिमको लम्बाइ ७५ किलोमिटर छ । उक्त ठाउँमा नेपाली सेनाले ४० किलोमिटर ट्र्याक निर्माण पहिले गरिसकेको आयोजना प्रमुख रञ्जितकारले बताउनुभयो । दुनैबाट लासिक्याप २५ किलोमिटर छभने लासिक्यापबाट मरिम ७५ किलोमिटर छ । २०८२ पुस १६ गते निर्माण पूरा गर्ने गरी सडक निर्माणको जिम्मेवारी सूर्य-श्रेया-शान्ति देवी जेभी काठमाडौँले २०७८ चैत १७ गते १३ करोड ४२ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

भेरी करिडोर नामकरण गरेर राष्ट्रिय प्राथमिकतामा राख्नुका साथै त्रिदेशीय पारवहनमा सजिलो हुने भएकाले छिन्चु-जाजरकोट-डोल्पा सडक त्रिदेशीय मार्गलाई महत्वका साथ हेरिएको छ । यो करिडोर सम्पन्न भएमा सबैभन्दा छोटो त्रिदेशीय मार्ग बन्नेछ । सेनाले भेरी करिडोरअन्तर्गतका जाजरकोट-डोल्पा सडक विसं २०६५ मा निर्माण सुरु गरेको थियो । ट्र्याक खुलेसँगै सेनाले उक्त ११८ किलोमिटर सडक २०७६ सालमा भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गरेको थियो । दुनैबाट मरिम नाकासम्मको एक सय किलोमिटरमध्ये नेपालतर्फको ४० किलोमिटर सडक निर्माण भइसकेको छ । दुनैबाट धोसम्म सडक बन्न बाँकी छ । जाजरकोटबाट दुनैसम्म बेलिब्रिज निर्माण भएपछि यातायात सञ्चालनमा छ । माथिल्लो डोल्पाका तीन गाउँपालिकाका जनताले नेपालतर्फ सडक सुविधा नहुँदा अझै सरकारी कामकाजका लागि सदरमुकाम दुनै आउन एक साता पैदल हिँड्नुपर्ने बाध्यता छ । सडक निर्माणमा ढिलाइ भएको काइके गाउँपालिकाका अध्यक्ष अंकद रानाले गुनासो गर्नुभयो । निर्माण सामग्रीदेखि दैनिक उपभोग्य सामग्री लिन र ल्याउन बाटो नहुँदा समस्या हुने गरेको उहाँको भनाइ छ ।


**Annapurna Rural Municipality**
**Office of Rural Municipal Executive**
**Pokharebagar, Myagdi**

**Invitation for Online (Electronic) Sealed Quotation**

**First Date of publication: 23rd Dec 2024 (2081-09-08 Monday)**

This Office invites only online/e-Sealed Quotation works under e-procurement system from eligible Nepalese bidders for the following packages of Construction Works mentioned below under competitive bidding procedures. Quotation documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** and bidder may obtain all other information at office, **website: www.annapurnamunmyagdi.gov.np.** All eligible bidders are requested to submit E-Sealed Quotation online as per instructions mentioned in the document within mentioned period. The Purchaser reserves the right to accept or reject all the bids/quotations wholly or partly with or without assigning any reasons. Any information otherwise stated in this notice will be as per Public Procurement Act-2063 (with Amendment) & Public procurement Regulations of Annapurna Rural Municipality, 2076 (with Amendment).

| Contract .ID. | Description of Works | Estimated Amount with VAT & PS (NRs.) | Last Date of Bid Submission | Pre-Bid Meeting | Bid Security Amount (NRs.) | Validity Period of Bid security (Days) | Bid Document Fee Details (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 04/SQ/W/ARM/ MYAGDI/ 2081-82 | Jukepani Krishi Sadak Nirman | 999493.77 | 7th Jan 2025 @ 12:00 | 7th Jan 2025 @ 13:00 | 25000.00 | 75 | 1000.00 |

**Bank Details :**
- Bid Document Fee must be deposit in Prabhu Bank, ANNAPURNA GA.PA. GA 1.1 Aantarik Rajaswa Khata , 1540110412600056
- Bid security amount must be deposit in Prabhu Bank, ANNAPURNA GA.PA. GA 3.1 Dharauti Khata , 1540110412600046 in case of cash deposit OR may submit Bank Guarantee with sufficient validity period .

**CHIEF ADMINISTRATIVE OFFICER**



योवन बचत तथा ऋण सहकारी संस्था लि. को
**१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति: २०८१/०९/०८

आदरणीय शेयर सदस्य महानुभावहरू,
सञ्चालक समितिको मिति २०८१/०८/१६ गतेको निर्णयानुसार यस संस्थाको १४औं वार्षिक साधारणसभा तपसिलमा उल्लिखित विषयहरूमा छलफल गरी निर्णय गर्नका लागि सम्पूर्ण सदस्य महानुभावहरूलाई निम्न मिति र समयमा हुने साधारणसभामा सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभामा छलफल हुने विषय**
- लेखा परीक्षकको प्रतिवेदनसहितको आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरणहरू सम्बन्धमा ।
- आर्थिक वर्ष २०८१/०८२ का लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
- विविध ।

**समापन कार्यक्रम**
मिति : २०८१ पुस २० गते, शनिबार
समय : बिहान ९.०० 
स्थान : संस्थाको कार्यालय बबरमहल, काठमाडौं
फोन नं. : ०१-४१२३१६८
सञ्चालक समितिको आज्ञाले

योवन बचत तथा ऋण सहकारी संस्था लि.
Saving & Credit Co-Operative Ltd.



ORBIT ENERGY LTD.
**अर्बिट इनर्जी लि.**
**का.म.न.पा वडा नं. ४, काठमाण्डौ**

**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति २०८१/०९/०८

यस अर्बिट इनर्जी लिमिटेडको मिति २०८१/०८/२३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारी एवम उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१ साल पौष १७ गते बुधवार
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, हाडिगाउं, काठमाण्डौ ।
**समय** : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु**
**साधारण प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ. व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरणसंग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

**विशेष प्रस्ताव**
१. स्थानिय तथा सर्वसाधारणमा शेयर निस्काशन गर्ने सम्बन्धमा ।
२. संचालक समितिको निर्वाचन सम्बन्धमा ।
३. प्रबन्ध पत्रको दफा ६ को खण्ड ख, ग, घ, ङ, च र नियमावलीको दफा २६ को खण्ड २ र दफा ३१ को खण्ड क, ख, ग, मा संशोधन गर्ने सम्बन्धमा ।
४. नियमन निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन माग भई आएमा सो सम्बन्धी कामको लागी संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५. कम्पनीको संचालकहरुको सेवा सुविधा तथा बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
६. कम्पनीको चुक्ता पुंजी भन्दा बढी कर्जा लिने सम्बन्धमा ।

**अध्यक्ष**



**Bakaiya Rural Muncipality**
**Office of Rural Municipal Executive**
**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: December 23, 2024 (2081 Poush 08)**

**Bakaiya Rural Muncipality, Hattisude, Makwanpur** invites electronic bids from eligible bidders for below mentioned **Construction Works** under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Works | Estimated Amount NRs.(with VAT) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|
| BRM/NCBW/08//081-082 | UPGRADING OF SHREEPUR SUDHA GADWAN ROAD, BAKAIYA-5,6 | Rs. 1,93,96,805.36 | 4,85,000.00 | 3000.00 |

**Note: Site visit is strongly advised to bidder before submission of bid.**

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 noon 2081-10-09 (Jan 22, 2025)** at the office of **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 5,00,000** which shall be valid for 30 days beyond the validity period of the bid.
   - Name of the Bank : Agriculture Development Bank
   - Name of the Office : Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu
   - Office Account No. : 1125601506508047 (Dharauti Khata)
   - Account Name : Mapya Dudhkoshi Rural Municipality
   - Office Code No. : 801010903
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## प्रभु को-अपरेटिभ सर्भिस लि.
PRABHU CO-OPERATIVE SERVICE LTD.
का.म.न.पा. २६, गंगबु, काठमाण्डौं, नेपाल । फोन नं. ०१-४३८८७२८ , ०१- ४३८८७२९

### १४औं साधारणसभा सम्बन्धी सूचना

प्रभु कोअपरेटिभ सर्भिस लि. का.म.न.पा. २६, काठमाण्डौंको चौधौं वार्षिक साधारणसभा निम्न मिति समय र स्थानमा हुन गईरहेकोले संस्थाका सम्पूर्ण शेयर सदस्य, संस्थागत सदस्यहरूलाई पत्र, फोन, एसएमएस र ईमेल मार्फत पत्राचार गरि सकिएकोछ । कथंकदाचित माथिका कुनै पनि माध्यमबाट तपाईंलाई जानकारी प्राप्त नभएको भएमा यसै सूचनालाई आधारमानी साधारणसभामा उपस्थित हुन अनुरोध छ । साधारणसभाका एजेन्डाहरु संस्थाको मुख्य कार्यालय र सेवा केन्द्रका सूचनापाटीहरूमा टाँसीएको छ ।

**स्थान : शाखा बैंक्वेट, नयाँबजार, काठमाण्डौं**
**समय : बिहान १०:०० बजे**
**मिति : २०८१ पौष २९ गते ।**

**साधारणसभा सम्बन्धी अन्य जानकारीहरु :**
१. प्रतिवेदनमा लिखित सुझाव पेस गर्न इच्छुक सदस्यले २०८१ पौष २७ गते भित्र, संस्थाको कार्यालयमा वा ईमेल info@prabhucooperative.com.np मा आफ्ना सुझाव तथा रायहरु उपलब्ध गराउन सक्नुहुनेछ ।
२. थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।



### अठाइसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८

**आदरणीय शेयरधनी महानुभावहरु,**
मिति २०८१ साल पौष गते ७ आईतबार बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार यस अरबिन्द पल्प एण्ड पेपर मिल्स लिमिटेडको अठाईसौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**
**मिति** : २०८१ साल पौष २८ गते, आईतबार तदनुसार सन २०२५, जनवरी १२।
**स्थान** : कम्पनीको कार्यालय, बिराटनगर महानगरपालिका वडा न.१ मोरङ नेपाल ।
**समय** : बिहानको १० :०० बजे ।

**छलफल तथा निर्णयका लागी निर्धारीत विषय सुचीहरु :**
**क) सामान्य प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/२०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/२०८१ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. विविध ।
अन्य थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बिराटनगर महानगरपालिका वडा न.१ मोरङ सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
**अरबिन्द पल्प एण्ड पेपर मिल्स लिमिटेड**
बिराटनगर महानगरपालिका वडा न.१ मोरङ



### १८ औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८

**आदरणीय शेयरधनी महानुभावहरु,**
मिति २०८१ साल पौष ७ गते आईतबार बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार यस साशा ईन्जिनियरिङ हाईड्रोपावर लिमिटेड को १८औं अठारौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**
**मिति** : २०८१ साल पौष २८ गते, आईतबार तदनुसार सन २०२५, जनवरी १२।
**स्थान** : कम्पनीको कार्यालय कमलादी, काठमाण्डौ, नेपाल ।
**समय** : बिहानको ११ :०० बजे ।

**छलफल तथा निर्णयका लागी निर्धारीत विषय सुचीहरु :**
**क) सामान्य प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. विविध ।
**अन्य थप जानकारीको लागि** कम्पनीको वेबसाईट sehpower@gmail.com वा रजिष्टर्ड कार्यालय कमलादी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
**साशा ईन्जिनियरिङ्ग हाईड्रोपावर लिमिटेड**
का.म.पा-१ कमलादी काठमाडौं



नेपाल सरकार
सहरी विकास मन्त्रालय
**काठमाण्डौ उपत्यका विकास प्राधिकरण**
**जिल्ला आयुक्तको कार्यालय, ललितपुर**
मानभवन, ललितपुर

### आर्थिक प्रस्ताव खोलिने तथा बोलपत्र छनौट आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०९।०८

यस कार्यालयबाट मिति २०८१।०७।११ को हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम नियमानुसार दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु खोली बोलपत्र पुस्तिकामा उल्लेखित योग्यताका आधारमा प्रभावग्राही भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव तपशिलको मिति, समय र स्थानमा खोलिने भएकोले उपस्थित हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| सि. नं. | ठेक्का नं. | कामको विवरण र स्थान | प्राविधिक प्रस्तावमा योग्य निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | KVDA/LALITPUR/ WORKS/081/82-01 | Road Improvement Work at Mahalaxmi Na. Pa. Ward No.-8, Lubhu,Tiplu Khola-Matab Tole Road Section. | ❖ Shardadevi Construction Pvt.Ltd.<br>❖ Bhubaneshwori-Shiva J/V<br>❖ J.S.S. Engineering Service Pvt. Ltd.<br>❖ K and J Construction Pvt. Ltd.<br>❖ Jalpa Nirman Sewa and Suppliers.<br>❖ Shishan-Rivit-Yajib J/V<br>❖ Adriya-Tinbhai-Ghising J/V<br>❖ Skyline Construction<br>❖ Jay Ganesh-R.M.-Dibya J/V | Single Stage Double Envelope |
| २. | KVDA/LALITPUR/ WORKS/081/82-02 | RCC Road Construction at Lalitpur Ma.Na.Pa.-23, Udhyog Tole | M/S Himalaya Builders and Consultancy Pvt. Ltd., Kathmandu. कबोल अङ्क २९,६०,३७९।६० (भ्याट र पि. एस. बाहेक) | Single Stage Single Envelope |
| ३. | KVDA/LALITPUR/ WORKS/081/82-03 | Construction of Park at Godawari Municipality-14, Swet Barahi | ❖ Aakash Nirman Sewa<br>❖ DNNS-BNS J/V<br>❖ Raj Construction<br>❖ Bihani Nirman Sewa<br>❖ Prithivi-Luminiuos J/V<br>❖ Jay Ganesh–RM-Dibya J/V | Single Stage Double Envelope |

**आर्थिक प्रस्ताव खोल्ने :**
**मिति** : २०८१/०९/१६, **समय** : दिनको १:०० बजे
**स्थान** : काठमाण्डौ उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय ललितपुर ।

जिल्ला आयुक्त


CMYK

# अल्टिमा बुम १८१ एएनसी इयरबड्स



**काठमाडौं ।** नेपालको प्रमुख लाइफस्टाइल इलेक्ट्रोनिक्स ब्राण्ड अल्टिमाले आफ्नो नयाँ वायरलेस इयरबड्स अल्टिमा बुम १८१ एएनसी नेपाली बजारमा ल्याएको छ । एक्टिभ नोइज क्यान्सलेसन, उच्च-गुणस्तरको ध्वनि र लामो ब्याट्री लाइफ जस्ता उन्नत सुविधायुक्त बुम १८१ एएनसी तीन हजार नौ सय ९९ रुपैयाँमै उपलब्ध हुने कम्पनीले जनाएको छ । कम्पनीमा अनुसार सुरुवातमा एक हजार नौ सय ९९ मा मात्र २५ डिसेम्बरदेखि विशेष अफरमा उपलब्ध हुने छ, जसले २५ सय रुपैयाँभित्रका उत्कृष्ट इयरबड्समध्ये एक बनाउने छ । १३ एमएम हाई-फिडेलिटी सोनिक ड्राइभर र अल्टिमा सुप्रिम साउण्ड टेक्नोलोजीले स्पष्ट उच्च, सन्तुलित मध्यम र गहिरो वास प्रदान गर्नुका साथै ४५ एमएस कम लेटेन्सी मोडले लग-फ्री गेमिङ अनुभव प्रदान गर्ने बताइएको छ । ४५ घण्टासम्मको कुल प्ले टाइम र एकपटक चार्जमा छ घण्टा प्ले टाइम रहेको छ भने १० मिनेट चार्जमा १२० मिनेट अतिरिक्त प्ले टाइमका लागि थ्रिसी बुस्ट चार्जिङ टेक्नोलोजी रहेको छ । आइपिएक्स ५ वाटर रेसिस्टेन्ट भएकाले कसरत र दैनिक गतिविधिका लागि उपयुक्त रहेको कम्पनीको दाबी छ । ट्रान्सपरेन्सी मोडले इयरबड्स नझिकी आफ्नो वरपरको अवस्थिति बुझ्न सजिलो बनाउँछ । प्याकेजमा इयरबड्स, टाइप-सी केबल, थप इयर टिप्स, छ महिनाको ब्राण्ड वारेन्टी र ३० दिनको रिप्लेसमेन्ट ग्यारेन्टी समावेश रहेको पनि कम्पनीले जनाएको छ ।

# कृषि योजनाहरूको प्रभावकारी कार्यान्वयनमा जोड

**हिमालय टाइम्स**
काठमाडौं, ७ पुस

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारको सामूहिक प्रयास आवश्यक रहेको बताउनुभएको छ ।

सातवटै प्रदेशका कृषि मन्त्रीहरूको उपस्थितिमा आइतबार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबारमा बसेको विषयगत समितिको १०औं बैठकको अध्यक्षता गर्दै मन्त्री अधिकारीले राज्यको क्षमताले भ्याउने गरी योजना बनाउनुपर्ने र कार्यान्वयन प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । बाँझो जग्गामा खेती गर्ने व्यवस्था गर्ने गरी स्थानीय तहमार्फत् कानुन तथा कार्यविधि बनाई लागू गर्न आवश्यक रहेको भन्दै उहाँले प्रदेश र संघीय सरकारले सशर्त र विशेष अनुदान उपलब्ध गराउनुपर्ने बताउनुभयो । मन्त्री अधिकारीले मध्य पहाडी क्षेत्रमा फलफूलको सम्भावना रहेकाले तिनै तहले योजना बनाउन र विदेशबाट फर्किएकालाई स्वदेशमै कृषि क्षेत्रमा लगाउने आधार बनाउने गरी काम गर्न पनि सुझाव दिनुभयो ।



बैठकमा सातै प्रदेशका कृषिसँग सम्बन्धित सचिवहरूले प्रदेशमा कृषि क्षेत्रको हालको अवस्थाबारे प्रस्तुति दिएका थिए भने प्रदेशमन्त्रीहरूले पनि आ-आफ्नो धारणा व्यक्त गरेका थिए । कृषि मन्त्रीको सचिवालयका अनुसार यसअघि बसेको नवौं बैठकले गरेका निर्णय कार्यान्वयन समीक्षासमेत भएको बैठकमा राष्ट्रिय किसान आयोगका अध्यक्ष, गाउँपालिका महासंघका अध्यक्ष, मन्त्रालयका सचिव, सह-सचिव, प्रदेश कृषि सचिवका साथै आयोजना प्रमुख, महाशाखा प्रमुखहरूको पनि उपस्थिति थियो ।

# खोटाङमा बाँस सम्मेलन हुने

**काठमाडौं/हिटा ।** 'जहाँ बाँस, त्यहाँ जीवन, जहाँ जीवन, त्यहाँ बाँस' भन्ने नाराका साथ आगामी फागुनमा खोटाङको दिक्तेलमा प्रथम राष्ट्रिय बाँस सम्मेलन हुने भएको हो । बाँससम्बन्धी विविध सम्भावना, अवसर र चुनौती खोजी गर्ने, बाँस खेती सुधार र विस्तार गर्दै अन्य खेती हुन नसक्ने जग्गामा बाँसको खेती विस्तार गर्ने, बाँसबाट प्राप्त हुने विविध वस्तु तथा सेवा प्रदर्शनी गर्ने, बाँस प्रवर्द्धनका लागि सरोकारवालाको ध्यानाकर्षण गराउँदै आवास तथा सामग्री उत्पादनमा बाँसको उपयोगिता बढाउने उद्देश्यका साथ बाँस सम्मेलन गर्न लागिएको आयोजकले आइतबार सम्मेलन गरी जानकारी गराएको हो ।

बाँसको अध्ययन तथा अनुसन्धानलाई थप बढावा दिने, आर्थिक उपार्जनका लागि बाँसलाई वैकल्पिक स्रोतका रूपमा विकास गर्ने, बाँसको व्यावसायीकरण र प्रत्यक्ष तथा अप्रत्यक्ष लाभका बारेमा जानकारी गराउने आयोजक तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका दिक्तेल खोटाङका नगरप्रमुख तीर्थराज भट्टराईले बताउनुभयो ।

**निक्षेपउपरको हकदावी सम्बन्धी सूचना**

बागमती प्रदेश, चितवन जिल्ला, भैरहनी नगरपालिका, वडा नं. १० बस्ने हरि लाल सापकोटाको बुहारी/छोरा, सरस्वती सापकोटा/बालकृष्ण सापकोटाले (साबिक सिभिल बैंक लि.) हाल हिमालयन बैंकको खुरखुरे शाखामा संयुक्त बचत खाता नं. २३०२३७८१०००००१२ साथै बालकृष्ण सापकोटाको नाममा मुद्दती खाता नं. MM२४२८००००७१ खोली कारोबार गर्दै आउनु भएकोमा एक जना खाता संचालक बालकृष्ण सापकोटाको मिति २०८१।०८।०४ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम तथा मुद्दती खाताको रकम पाउँ भनी खाता संचालक तथा मृतकको पत्नी सरस्वती सापकोटाले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा नियमानुसार खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd.
खुरखुरे शाखा, चितवन, नेपाल

# सहकारी संकटमा पनि कैलालीको नवजीवन उत्कृष्ट




**भोजराज रोस्यारा/हिटा**
धनगढी, ७ पुस

विभिन्न समस्याका कारण सहकारी क्षेत्र बदनाम भइरहेका बेला धनगढीस्थित नवजीवन सहकारी दिन प्रतिदिन प्रगतितर्फ उन्मुख भएको छ । नेपाल पत्रकार महासंघ कैलालीका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सम्मान कार्यक्रममा बोल्दै सहकारी सञ्चालक समितिका अध्यक्ष देवबहादुर बमले नवजीवन सहकारी पछिल्लो समय थप प्रगति गर्न सफल भएको बताउनुभएको हो । बैंकिङ क्षेत्रका हिसाबले मुलुककै पहिलो अनुमति प्राप्त गरेको नवजीवन सहकारी संस्था पछिल्लो सहकारी समस्याबाट कुनै प्रभावित भएको छैन ।

'हाम्रा अग्रज महेश्वर पाठक, दीपक देवकोटा, नन्दलाल जोशी, खेमराज पाण्डेलगायतले सुरु गरेको नवजीवन अहिले देशकै उत्कृष्ट सहकारीमध्ये एक बनेको छ,' अध्यक्ष बमले भन्नुभयो । 'हामीले अहिले ३६ हजार सेयर सदस्य बनाउन सफल भएका छौं, १० लाख ८० हजारबाट सुरु गरिएको सेयर पुँजी हाल ३० करोड ८० लाख पुगेको छ, सबै सेयर सदस्यले पैसा फिर्ता मागे पनि नवजीवनलाई खतरा छैन, हामीसँग आजसम्म ६२ करोड रुपैयाँ जगेडा कोषमा जम्मा छ, यदि ३६ हजार सदस्यले सेयर पुँजी फिर्ता माग्न आए पनि अझै हामीसँग आधा रकम बच्छ त्यसकारण हामी आर्थिक हिसाबमा मजबुत छौं ।'

'सबै सहकारी डुबेको अवस्था छ तर हाम्रो सहकारीको विधानमै उल्लेख गरिएको छ, नवजीवन सहकारीको सञ्चालक समितिमा बस्दा कुनै पनि ऋण लिन नपाइने भनेर, त्यसकारण पनि हाम्रो सहकारी समस्यामा पर्दैन,' अध्यक्ष बमले भन्नुभयो, 'अहिले महिला सेयर सदस्यहरूलाई पनि जोडेका छौं, जन्मदेखि मृत्युसम्म कार्यक्रम र लघुवित्तबाट महिला जोड्यौं र ३५ देखि ४० प्रतिशतसम्म महिला सहभागिता पुगेको छ ।' नवजीवन सहकारी विगतमा १०औं नम्बरमा थियो, धेरै मिहिनेतपछि ५औं स्थानमा पुगेको र अब सहकारी विभाग, संसदीय सुनुवाइबाट तेस्रो नम्बरमा परेको तर घोषणा हुन बाँकी रहेको अध्यक्ष बमले बताउनुभयो ।

'हामीभन्दा अगाडि देखिएका दुई सहकारीलाई पनि कसरी उछिन्ने भनेर हामी एकदम लागेका छौं,' उहाँले भन्नुभयो, 'त्यसै कारण हामीले उत्पादनसँग जोडिनका लागि गोदावरीको मजगाउँमा राइस मिल सञ्चालन गरेका छौं, यसको धन्यवादको पात्र पूर्वअध्यक्ष चक्रबहादुर सिंह र सल्लाहकार खेमराज पाण्डे हुनुहुन्छ, त्यो मिलमा १६ हजार क्विन्टल धान राखेका छौं, अब चामल उत्पादन सुरु भएको छ, सुदूरपश्चिममा अपनत्व हुने गरी वर्तमान कार्यसमिति समुदायसित पनि जोडिँदै गएको छ ।'

नवजीवन सहकारीलाई संस्थागत विकासका लागि उत्कृष्ट शाखा सम्मान तथा कर्मचारी सम्मानलाई पनि अगाडि बढाइएको उहाँले बताउनुभयो । यसका साथै विभिन्न सामाजिक कार्यमा नवजीवन सहकारीले सहकार्य गर्दै आएको उहाँले बताउनुभयो । धनगढीको हरित धनगढी अभियानसँग सहकार्यसँगै बेहडाबाबा मन्दिरमा शौचालय, गोदावरी मन्दिर निर्माण, घोडाघोडीमा धर्मशालालगायतका काममा सहकार्य गरेको उहाँले बताउनुभयो । विगतका तुलनामा लाभांश पनि बढाउँदै गएको उहाँले बताउनुभयो । यो वर्ष २० करोड ६४ लाख लाभांश वितरण गरिने उहाँको भनाइ छ ।

# भैरहवाका मुख्य चोकमा फ्री वाइफाई जोन



**चन्द्रकान्त खनाल/हिटा**
रूपन्देही, ७ पुस

रूपन्देहीको सिद्धार्थनगर नगरपालिकाले भैरहवाका मुख्य चोक र बढी भिडभाड हुने स्थानमा फ्री वाइफाई जोन बनाएको छ । जिल्लाको सदरमुकामसमेत रहेको भैरहवामा गत वैशाखदेखि फ्री वाइफाई जोन बनाइएको हो । नगरपालिकाले भैरहवा स्थलमार्ग हुँदै धेरै पर्यटक आवागमन हुने बेलहिया नाका, भैरहवा बसपार्क, देवकोटा चोक, मिलनचोक र बुद्धचोक गरी हाल पाँच स्थानमा फ्री वाइफाई जोन बनाएको छ । सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले आफ्नो चुनावी घोषणा एवं प्रतिबद्धताअनुरूप नगरका मुख्य क्षेत्रलाई फ्री वाइफाई जोन बनाइएको बताउनुभयो । अहिलेको प्रविधि युगमा नभइनहुने इन्टरनेट सेवा सबैलाई सहज होस् भनेर नगरका विभिन्न स्थानमा फ्री वाइफाई सेवा जडान गरिएको उहाँको भनाइ थियो । नगरवासी, आन्तरिक तथा बाह्य पर्यटकलाई देश विदेशका सूचना, समाचारका साथै नगरपालिकाको मोबाइल एप्स, वेबसाइटबाट प्रवाह गरिने अनलाइन सेवा, नगरपालिकाको सूचना तथा जानकारीमा छिटो छरितो तथा सजिलै पहुँच हुने उद्देश्यका साथ फ्री वाइफाई जडान गरिएको नगरप्रमुख खाँले बताउनुभयो । हाल भैरहवाका पाँच स्थानमा फ्री वाइफाई सेवा सुचारु गरिएकोमा आवश्यकताका आधारमा अन्य स्थानमा पनि विस्तार गर्दै लगिने पनि उहाँले जानकारी दिनुभयो । नगरपालिकाका सूचना प्रविधि अधिकृत तपन पाण्डेयले इन्टरनेट सेवा हरेक व्यक्तिले प्रतिदिन एक घण्टा प्रयोग गर्न पाउने भएकाले अनावश्यकरूपमा इन्टरनेट प्रयोग रोकिने बताउनुभयो । बढी समय इन्टरनेट सेवा प्रवाह गर्दा धेरै युवाले कामकाज छोडेर दिनभर प्रयोग गर्न थाल्ने सम्भावनालाई मध्यनजर गर्दै यस्तो गर्न लागिएको उहाँको भनाइ थियो ।

**छैटौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८१ साल पौष गते ७ आईतवार बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार यस मारुती प्रिन्ट एण्ड प्याक लिमिटेडको छैटौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरूका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**

**मिति** : २०८१ साल पौष २८ गते, आईतवार (तदनुसार सन २०२५, जनवरी १२)
**स्थान** : कम्पनीको कार्यालय, पर्सा विरगञ्ज, नेपाल ।
**समय** : दिनको १:०० बजे ।

**छलफल तथा निर्णयका लागी निर्धारित विषय सूचीहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/२०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/२०८१ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. विविध ।

अन्य थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा विरगन्जमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
**मारुती प्रिन्ट एण्ड प्याक लिमिटेड**
विरगञ्ज महानगरपालिका वडा न.३१ पर्सा

**दशौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८१ साल पौष गते ७ आईतवार बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार यस श्री मारुती पेपर एण्ड केमिकलस इण्डष्ट्रिज लिमिटेडको दशौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**

**मिति** : २०८१ साल पौष २८ गते, आईतवार (तदनुसार सन २०२५, जनवरी १२)
**स्थान** : कम्पनीको कार्यालय, पर्सा विरगन्ज, नेपाल ।
**समय** : बिहानको ११:३० बजे ।

**छलफल तथा निर्णयका लागी निर्धारित विषय सूचीहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/२०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/२०८१ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूची उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/२०८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१. आ.व.२०८०/२०८१ को मुनाफा बाट रु ८,४२,१०,५२६.३२ आठ करोड बयालिस लाख दश हजार पाँचसय छबिस रुपैयाँ बत्तिस पैसा अर्थात ४५.१४% प्रतिशत नगद लाभांश कर सहित वितरण गर्ने सम्बन्धमा ।
२. विविध ।

अन्य थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय पर्सा विरगन्जमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
**श्री मारुती पेपर एण्ड केमिकलस इण्डष्ट्रिज लिमिटेड**
विरगञ्जमा महानगरपालिका वडा न.१७ पर्सा

# सेयर बजार दोहोरो अंकले घट्यो




**काठमाडौं/हिटा ।** साताको पहिलो दिन सेयर बजार दोहोरो अंकले घटेको छ । आइतबार नेप्से १३.५३ अंकले घटेर २५८३.२९ अंकमा झरेको हो । यस दिन तीन सय १९ कम्पनीका ९१ लाख ८० हजार सात सय १८ कित्ता सेयर ५७ हजार आठ सय ६३ पटक खरिदबिक्री हुँदा चार अर्ब ५१ करोड ८३ लाख ८५ हजार एक सय सात बराबरको कारोबार भएको नेपाल स्टक एक्सचेन्ज(नेप्से)ले जनाएको छ ।

जलविद्युत् समूह ०.६५ र उत्पादन तथा प्रशोधन समूह १.५७ प्रतिशतले बढेको छ भने अन्य सबै समूह घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह २.०५ र वित्त समूह १.४९ प्रतिशतले घटेको छ भने बैंकिङ ०.८७, होटल तथा पर्यटन ०.०१, लगानी १.१८, जीवन बिमा ०.८१, लघुवित्त ०.३९, म्युचुअल फण्ड ०.३५, निर्जीवन बिमा ०.८२, व्यापार १.३५ र अन्य समूह ०.३७ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था, बाहारी हाइड्रोपावर पब्लिक लिमिटेड र न्यादी हाइड्रोपावरको सेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै सप्तकोशी डेभलपमेन्ट बैंकको सेयर मूल्य ६.४० प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार सेयर संख्याका आधारमा सबैभन्दा धेरै रिभर फल्स पावर लिमिटेडको २२ करोड तीन लाख १२ हजार आठ सय ३४ रुपैयाँ बराबरका दुई लाख ५२ हजार एक सय ४९ कित्ता सेयर किनबेच भएका थिए ।

**Laxmipur Patari Rural Municipality**
**Office of Rural Municipal Executive**
**Maheshpur Patari**
**Province:- Madhesh**

**Invitation for Bids**

**Invitation for Bids No: LPRM/WORKS/NCB/03/2081/082**
**Date of publication: 23/12/2024**

1. **Laxmipur Patari Rural Municiplity** invites sealed bids or electronic bids from Nepalese eligible bidders for **the construction of Raja Harsing dev Mandir Nirman** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 8655237.08** [ exclusive VAT and contingency].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Laxmipur Patari Rural Municipality ,Maheshpur Patari siraha or may visit **PPMO website www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from **PPMO's Web Site www.bolpatra.gov.np./egp.**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account is Rs.3000 and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Office:** Laxmipur Patari Rural Municipality, Maheshpur Patari,
   **Name of Bank:** Kumari Bank Laxmipur Patari
   **Account No.** :-2650248355300008
4. Pre-bid meeting shall be held at Laxmipur Patari Rural municipality
5. Bidders must submit electronic bids only through PPMO's e-GP system **www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2025/01/22.** Bids received after this deadline will be rejected
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 2081/10/09** at the office of Laxmipur Patari Rural Municipality, Maheshpur Patari. Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,'amounting to a minimum of **NRs 260000** which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the Bid Security Amount in Bank:-**
   **Name of Office:** Laxmipur Patari Rural Municipality, Maheshpur Patari,
   **Name of Bank:** Kumari Bank Laxmipur Patari
   **Account No.** :- 2650248355300003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**गृहलक्ष्मी रियल्टी लिमिटेड**
स्वयम्भु, काठमाण्डौ

**प्रथम वार्षिक साधारणसभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०८

यस गृहलक्ष्मी रियल्टी लिमिटेडको मिति २०८०/०९/०५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नकालागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको जानकारी एवम उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल पौष २९ गते (जनवरी १३, २०२५)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, स्वयम्भु, काठमाण्डौ ।
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/०८२को लागि लेखापरिक्षक नियुक्तीगर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

**ख) विशेष प्रस्तावहरु :**

१. सर्वसाधारणमा शेयर निस्काशन गर्ने सम्बन्धमा ।
२. संचालक समितिको निर्वाचन सम्बन्धमा ।

अध्यक्ष

CMYK

## काष्ठकला संघको अध्यक्षमा बाराही



**ललितपुर ।** नेपाल काष्ठकला संघको शनिबार ललितपुरमा सम्पन्न १३औं र १४औं वार्षिक साधारणसभाबाट उपेन्द्र बाराहीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । उपाध्यक्षमा श्यामकृष्ण श्रेष्ठ, सचिवमा मदन शाक्य र कोषाध्यक्षमा रमेश प्रधानांग निर्वाचित हुनुभएको छ । सदस्यमा राजेशमान राजचल, निरञ्जन श्रेष्ठ, टेकबहादुर सिकर्मी, अम्बिरराज शाक्य र रविन्द्र शाक्य निर्वाचित भएको संघले जनाएको छ । नवनिर्वाचित अध्यक्ष बाराहीले काष्ठकला व्यवसायका लागि कच्चा पदार्थ(काठ), दक्ष जनशक्तिको समस्या रहेको भन्दै कच्चा पदार्थ र दक्ष जनशक्ति समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

## म्याग्दी हाइड्रोको सेयर प्रत्याभूति कोषले गर्ने



**काठमाडौं ।** नागरिक लगानी कोष र म्याग्दी हाइड्रोपावर लिमिटेडबीच सेयर प्रत्याभूति सम्झौता भएको छ । सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र म्याग्दी हाइड्रोपावरका अध्यक्ष भरतप्रसाद नेपालले आइतबार हस्ताक्षर गर्नुभएको हो ।

म्याग्दी हाइड्रोले प्रतिसेयर एक सय रुपैयाँ दरले ४७ लाख ४५ हजार कित्तावापतको ४७ करोड ४५ लाख रुपैयाँ बराबरको सेयर निष्कासनका लागि कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौता अवधि हस्ताक्षर भएको मितिले छ महिनासम्म रहने कोषले जनाएको छ ।

## आरुखर्क विद्यालयको स्वर्ण जयन्ती



**नुवाकोट ।** नुवाकोटको बेलकोटगढी नगरपालिका-१ स्थित आरुखर्क माध्यमिक विद्यालयले ५०औं स्थापना दिवसका अवसरमा आइतबार स्वर्ण जयन्ती मनाएको छ । सो अवसरमा विविध सांस्कृतिक, खेलकुद र शैक्षिक गतिविधि प्रस्तुत गरिएको थियो । आयोजकका अनुसार कार्यक्रम उद्घाटन नुवाकोट क्षेत्र नम्बर २ का संघीय सांसद अर्ज'ननरसिंह केसीले गर्नुभएको थियो भने बागमती प्रदेश सांसद रामप्रसाद ढुंगानाको उपस्थिति रहेको थियो । विद्यालय व्यवस्थापन समिति अध्यक्ष नवराज खतिवडाको अध्यक्षतामा सम्पन्न स्वर्ण जयन्ती समारोहमा सांस्कृतिक झाँकी, अतिरिक्त क्रियाकलाप र उत्कृष्ट विद्यार्थीलाई ट्रफी, पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो । विद्यालयका आर्थिक सहयोग संकलन समिति संयोजक विकास खतिवडाले हालसम्म ४९ लाख रुपैयाँ संकलन भएको जानकारी गराउनुभएको थियो । विद्यालयमा हाल दुई सय ५० विद्यार्थीहरू अध्यनरत रहेको बताइएको छ ।

### बढ्न थाल्यो निर्यात

# पाँच महिनामा साढे ७३ अर्बको निर्यात

**हिमालय टाइम्स**
काठमाडौं, ७ पुस

चालु आर्थिक वर्ष २०८१/०८२ को पाँच महिनामा सात खर्ब ३५ अर्ब १४ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागले आइतबार सार्वजनिक गरेको पहिलो पाँच महिना अर्थात् साउनदेखि मंसिरसम्मको तथ्यांकअनुसार सो अवधिमा नेपालले पाँच खर्ब ८७ अर्ब ८२ करोड ८८ लाख रुपैयाँ बराबरको व्यापार घाटा बेहोरेको छ । गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष छ खर्ब ६१ अर्ब ४८ करोड ८५ लाख रुपैयाँ बराबरको आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा छ खर्ब ४२ अर्ब दुई करोड बराबरको आयात भएको थियो ।

> चालु आर्थिक वर्षको पाँच महिनामा ७३ अर्ब ६५ करोड रुपैयाँ बराबरको निर्यात भएको छ । अघिल्लो वर्ष सोही अवधिमा ६३अर्ब २० करोड रुपैयाँ बराबरको निर्यात भएको थियो ।




गत वर्षको समीक्षा अवधिको तुलनामा यस वर्षको पाँच महिनामा १६.५ प्रतिशतले निर्यातमा सुधार आएको छ । पाँच महिनामा ७३ अर्ब ६५ करोड रुपैयाँ बराबरको निर्यात भएको हो । अघिल्लो वर्ष सोही अवधिमा ६३ अर्ब २० करोड रुपैयाँ बराबरको निर्यात भएको थियो ।

चालु वर्षको साउनमा एक खर्ब २८ अर्ब, भदौमा एक खर्ब ३४ अर्ब, असोजमा एक खर्ब २८ अर्ब रुपैयाँ र कात्तिकमा एक खर्ब २३ अर्ब रुपैयाँको वस्तु आयात भएको थियो । मंसिरमा भने कात्तिकको तुलनामा २५ अर्ब रुपैयाँभन्दा बढीको आयात भएको हो । विगतका वर्षहरूमा असोज कात्तिकमा बढी आयात हुने र मंसिरमा कम हुने गरेको थियो । निर्याततर्फ सबैभन्दा बढी योगदान भटमास तेलको रहेको छ । पाँच महिनामा आठ अर्ब ३६ करोड रुपैयाँ बराबरको भटमासको तेल निर्यात भएको छ । तर, गत वर्ष सोही अवधिमा ३६ करोडको मात्रै भटमास तेल निर्यात भएको थियो । नेपालले तेस्रो मुलुकबाट कच्चा तेल ल्याएर प्रशोधन गरी भारत निर्यात गर्ने गरेको छ । आयाततर्फ सबैभन्दा धेरै डिजेल र पेट्रोलको आयात छ । गत वर्षको सोही अवधिको तुलनामा भने डिजेल आयात २१ र पेट्रोल सात प्रतिशतले घटेको छ । पाँच महिनामा ४२ अर्ब १७ करोडको डिजेल र २६ अर्ब ४५ करोडको पेट्रोल आयात भएको हो ।

भन्सार विभागको तथ्यांकअनुसार पछिल्लो समय विद्युतीय गाडीको आयात बढेको छ । मंसिरमा एक हजार दुई सय आठवटा विद्युतीय गाडी आयात भएका छन् । कात्तिक मसान्तसम्म आठ अर्ब ३७ करोड बराबरका तीन हजार चार सय ८७ वटा विद्युतीय गाडी आयात भएका थिए । तर, चालु आर्थिक वर्षको पाँच महिनामा नेपाल भित्रिने इभीको संख्या चार हजार छ सय ९५ युनिट पुगेको छ । समीक्षा अवधिमा ११ अर्ब २६ करोड ३८ लाख रुपैयाँ बराबरका विद्युतीय गाडी आयात हुँदा छ अर्ब ९६ करोड २८ लाख रुपैयाँ राजस्व संकलन भएको पनि विभागले जनाएको छ । विभागका अनुसार समीक्षा अवधिमा ५० किलोवाट मोटर क्षमताका दुई अर्ब ७३ करोड बराबरका एक हजार चार सय ९० युनिट गाडी आयात भएका छन् भने ५१ किलोवाटदेखि सय किलोवाटका छ अर्ब ९३ करोड बराबरका दुई हजार सात सय ५७ युनिट, एक सय एक किलोवाटदेखि दुई सय किलोवाटका एक अर्ब ५५ करोड बराबरका चार सय ४३ युनिट गाडी आयात भएका छन् ।

त्यस्तै दुई सय एक किलोवाटदेखि तीन सय किलोवाटसम्मका तीन करोड २३ लाख बराबरका पाँचवटा गाडी आयात भएका छन् भने तीन सय किलोवाटमाथिका ८३ लाख २३ हजार रुपैयाँमा दुई युनिट आयात भएका छन् ।

## एयोन विन्टर एक्सचेन्ज क्याम्प




**काठमाडौं ।** जी मोटर्सद्वारा बिक्री हुने जिएसी मोटर्स नेपालले एयोन विन्टर एक्सचेन्ज क्याम्प घोषणा गरेको छ । विशेष अफरअन्तर्गत ग्राहकले आफ्नो पुरानो गाडी साटेर नयाँ वातावरणमैत्री एयोन वाई खरिद गर्न सक्ने बताइएको छ । कम्पनीका अनुसार पुस १५ गतेसम्म लागू हुने अफरले एयोन वाई खरिद गर्ने अनुभव सहज र फाइदाजनक बनाउन विभिन्न सुविधा उपलब्ध गराएको छ । ग्राहकले हरेक एक्सचेन्जमा थप पाँच लाख रुपैयाँको मूल्यांकन, एक आर्थिक वर्षका लागि नि:शुल्क सवारी कर र एक वर्षका लागि नि:शुल्क बिमा प्राप्त गर्ने छन् । अफरले वित्तीय सहायता पनि उपलब्ध गराउँछ । तत्काल मूल्यांकन सेवा र सोही दिन डेलिभरी सुविधासहित एयोन वाईमा अपग्रेड गर्न' अझ सहज हुने बताइएको छ । एयोन वाईको अत्याधुनिक डिजाइन र प्रविधिका कारण पाँच सय किलोमिटर माइलेज दिने कम्पनीको दाबी छ ।

## इनफिनिक्सका भाग्यशाली तामाङलाई स्कुटर

**काठमाडौं ।** इनफिनिक्सले 'दशैं धमाका बम्पर पुरस्कार' विजेता काठमाडौंका वीरबहादुर तामाङलाई भेस्पा एलेगान्ते १५० स्कुटर हस्तान्तरण गरेको छ । सेप्टेम्बर १६ देखि अक्टोबर ३१ सम्म सञ्चालित उक्त अफर नोभेम्बर ३ सम्म विस्तार गरिएको थियो । जसले अझ धेरै मानिसलाई सहभागिता जनाउन र बम्पर पुरस्कार जित्न मौका प्रदान गरेको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार परम्परागत दशैंको रौनक र आधुनिक उत्साहको मिश्रणले कार्यक्रममा सहभागी सबैलाई रमाइलो अनुभूति दिलाएको थियो । यस वर्षको 'दशैं धमाका' ले इनफिनिक्सको ग्राहकसँगको बलियो सम्बन्ध र उत्सवलाई थप खुसीमय बनाउने उद्देश्य पूरा गरेको बताइएको छ ।

## लक्ष्मी सनराइज र आइएफसीबीच साझेदारी

**काठमाडौं ।** लक्ष्मी सनराइज बैंकले नेपालमा वित्तीय दुरूपयोग समाधान गर्न अन्तर्राष्ट्रिय वित्त निगम(आइएफसी) सँगको साझेदारीमा 'एम्पावर फाइनान्स एलायन्स' अन्तर्गत सम्झौतामा हस्ताक्षर गरेको छ । नेपालमा यस प्रकारको पहिलो पहलका रूपमा गरिएको सम्झौताले वित्तीय दुरूपयोग न्यूनीकरणमा सहयोग पुग्ने बैंकले जनाएको छ । अष्ट्रेलिया सरकारको विदेश मामिला तथा व्यापार विभागको समर्थन प्राप्त साझेदारीले वित्तीय सुरक्षा सुधार र समावेशी आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने बताइएको छ । पति-पत्नी, वृद्ध आफन्त वा घरपरिवारका अन्य सदस्यमाथि नियन्त्रण जमाउँदै हुने वित्तीय स्रोत दुरूपयोग वित्तीय दुरूपयोग हो । जसमा परिवारका सदस्यहरूको बैंक खाता र कर्जा जस्ता वित्तीय साधन दुरूपयोग हुने गर्छन् । आफ्नो बैंक खाता आफ्नो नभई अरूको नियन्त्रणमा हुनु, वित्तीय संस्थाबाट आफ्ना लागि नभई अरूका लागि ऋण लिन बाध्य बनाइनु जस्ता क्रियाकलाप पर्छन् । जसले वित्तीय समावेशीकरणका प्रयासलाई कमजोर बनाउनुका साथै वित्तीय नोक्सान, क्रेडिट रेटिङ तथा प्रतिष्ठानमा नकारात्मक असर र वित्तीय संस्थाप्रतिको विश्वासको संकट निम्त्याउने जस्ता गम्भीर प्रभाव पार्न पनि सक्छ । सो अवसरमा आइएफसीका बंगलादेश, भुटान र नेपालका देशीय प्रबन्धक मार्टिन होल्टमानले भन्नुभयो, 'वित्तीय दुरूपयोगले जनजीवनमा विभिन्न अवरोध पुऱ्याउनुका साथै वित्तीय प्रणालीप्रतिको विश्वास पनि घटाउँछ । यस साझेदारीमार्फत् हामी वित्तीय दुरूपयोगलाई पहिचान र रोकथाम गर्न वित्तीय संस्थामा नै मानकहरू लागू गरी प्रणालीगत सुधार ल्याउन र वित्तीय गतिविधिका लागि सुरक्षित वातावरण सिर्जना गर्न चाहन्छौं ।'



'एम्पावर फाइनान्स एलायन्स' मार्फत् आइएफसीले लक्ष्मी सनराइज बैंकलाई सुरक्षित बैंकिङ सेवाहरू विकास गर्न आवश्यक मार्गनिर्देशन दिने छ । यसले बैंकलाई वित्तीय दुरूपयोग रोकथाम र समाधानमा आफ्नो भूमिका परिभाषित गर्न र कार्यान्वयन अवस्था जानकारीका लागि आन्तरिक परीक्षण गर्न सहयोग पुऱ्याउने छ । लक्ष्मी सनराइज बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाहले भन्नुभयो, 'यो साझेदारी बैंकिङ क्षेत्रमा वित्तीय दुरूपयोग जस्तो महत्त्वपूर्ण तर प्राय: बेवास्ता गरिने समस्या समाधान गर्नेतर्फ एक महत्त्वपूर्ण कदम हो । आइएफसीसँगको सहकार्यमा हामी वित्तीय सेवाहरूमा सुरक्षा र समावेशितालाई पुन:परिभाषित गर्दै नयाँ मापदण्डहरू स्थापना गर्ने र संवेदनशील समूहहरूका लागि सुरक्षित वातावरण सिर्जना गर्ने लक्ष्य राखेका छौं ।' गत अगस्ट महिनामा आइएफसीद्वारा अष्ट्रेलिया सरकारको समर्थनमा सुरु गरिएको 'एम्पावर फाइनान्स एलायन्स' मा नेपाल, पपुवा न्यूगिनी, श्रीलंका, भानुआतु र भियतनामका नौ वित्तीय संस्था समावेश छन्, जसले सामूहिकरूपमा तीन करोडभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्छन् । हरेक बैंकसँग सहकार्य गर्दै एलायन्सले वित्तीय दुरूपयोगको जोखिम घटाउन सुरक्षित बैंकिङ सेवाको मूल्यांकन, डिजाइन र विकास गर्न मार्गनिर्देशन प्रदान गर्छ ।

**Provincial Government**
**Ministry of Water Supply, Irrigation and Energy**
**Water supply and Sanitation Division Office**
**Koshi Pradesh, Sunsari**

**Invitation for Sealed Quotation**

**Date of first Publication: 2081-09-08 (23th December, 2024)**

WaterSupply and Sanitation Division office, Sunsari invites electronic bids from eligible bidders for following works :

| S. N | Contract Identification Number | Description and Location of Work | Total Estimated Amount (Exclusive VAT) | Bid Security Document (NRs.) | Fee for Bid Amount (NRs.) | Last Bid Submission date |
|---|---|---|---|---|---|---|
| 1 | wssdo/sunsari/MS ERW Pipe/08-081/082 | Procurement of MS ERW Pipe, | 1,745,700.00 | 50000 | 1000 | 7th January, 2025 12 Noon |

Bidder should submit their bid electronically .Detailed notice can be accessed from www.bolpatra.gov.np/egp

Division Chief

**जथाभावी औषधीको प्रयोग नगरौं**

**जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ।**
**त्यसैले,**

- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Molung Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Prapcha, Okhaldhunga**

**Invitation for Bids**

**Invitation for Bids for Procurements, Supply and Delivery of Medicine Items**
**Contract Identification No: MRM.SQ.MED.01.081-82**
**First Date of Publication: 22-12-2024**

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following Goods under Sealed Quotation.
For the further information, please visit E-GP portal of **PPMO i.e. (https://www.bolpatra.gov.np ).**

| S. N. | Description of Work | Contract Identification No | Last date of bid submission | Estimated Amount, NRs (including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|
| 1. | Supply and Delivery of Medicine Items | MRM.SQ.MED. 01.081-82 | 07-01-2025 (AD) 12:00 PM | 1750088 | 45000 | 1000 |

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यबानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल